संघर्ष, स्वाभिमान र स्वावलम्बन

# सहारा टाइम्स

SAHARA TIMES NATIONAL FORTNIGHTLY


www.saharatimes.com.np

राष्ट्रिय पाक्षिक

●वर्ष १५, ●पूर्णाङ्क ३१३, ●अंक ६ ●२०८० साल मंसिर १६-३० गते (2 Dec., 16 Dec., 2023) ●मूल्य रु. १०




# मधेश र कम्युनिष्टको फ्युजन



■महेन्द्रराय यादव

मधेशवादी र माओवादीको संघर्ष तथा बलिदानीले मात्र यो देशमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको हो । अब त्यसलाई संस्थागत गर्न पनि यी दुई शक्ति मिल्नुपर्ने अवस्था आइसकेको छ । मधेशवादी दललाई यो लायक बनाउन पनि माओवादीकै योगदान रहेको छ । अहिले विभिन्न जातजातीले आफ्नो अधिकार पाएका छन्, आफ्नो अधिकारका लागि कुरा उठाउन पाएका छन्, बोल्न पाएका छन् ती सबै माओवादीको कारणले मात्र सम्भव भएको हो । माओवादी जस्तै मधेशले पनि आफ्नो अधिकार र पहिचानका लागि सधैं संघर्ष गर्दै आएको छ । मधेशले पनि माओवादीबाट सिकेर नै आफ्नो अधिकार र पहिचानका लागि अवाज उठाउन संक्षम भएको हो । म त यो भन्छु कि आज मधेशले जे पाएको छ, जे अवस्थामा छ त्यो माओवादीको कारणले मात्र हो । माओवादीले मधेशलाई मात्र होइन, आदिवासी, जनजाति, दलित, मुस्लिम, महिला, पिछडिएका समुदायलाई पनि जगाउने काम गरेको छ ।

**जोश भर्ने काम**

माओवादीको जनयुद्धअघि मधेशी के हो, आदिवासी जनजाति के हो, दलित, मुस्लिम के हो केही थाह थिएन । माओवादी जनयुद्धकै क्रममा सबैलाई जगाउने काम गरेको थियो । सबैमा जोश भर्ने काम गरेको थियो । यहाँसम्म कि सबैको लागि पहिचानसहितको राज्य स्थापना (सांगठनिक रुपमा) गरेको थियो । राज्यको अभ्यास जनयुद्धकै क्रममा भएको थियो । थरुहट, मधेशी, भोजपुरा, अवध, तामसालिङ, मगरात, किराँत, नेवा जस्ता राज्य बनाएर माओवादीले त्यतिबेला अभ्यास गरेको थियो र सबै समुदायलाई आफ्नो अधिकार र पहिचानको बारेमा अवगत गराएको थियो । दलित मुक्ति मोर्चा, मधेशी मुक्ति मोर्चा, मुस्लिम मोर्चा, थरुहट मुक्ति मोर्चा लगायत थुप्रै मोर्चा बनाएर त्यसको अधिकारका लागि संघर्ष गर्न सिकाएको थियो ।

सुरुमा माआवादीले नै मधेशी राष्ट्रिय मुक्ति मोर्चा बनाएको थियो, त्यसअघि यसरी पनि संगठन बन्दो रहेछ भनि कसैलाई थाह पनि थिएन । माओवादीले मधेशी मोर्चा बनाई सकेपछि मात्र अन्य दलले आआफ्नो पार्टीमा मधेशीलाई स्थान दिन सुरु गरेका थिए । सायद माओवादी जनयुद्धको क्रममा त्यसरी मोर्चा बनाएर नलडेको भए कसैलाई आफ्नो अधिकारको बारेमा थाह हुँदैन्थ्यो । आज जसरी हरेक समुदायले आफ्नो अधिकार पहिचानको कुरा उठाउँछ त्यो माओवादीकै देन हो । अहिले देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ, त्यसलाई संस्थागत गर्नका लीगि र संविधानमा रहेका अधुरा विषयहरुलाई पुरा गर्नका लागि माओवादी इमान्दारीपूर्वक लागेको छ ।

**संविधान संशोधन**

जतिपटक संविधान संशोधनको कुरा आएका छन् । त्यसमा सहयोग गर्ने काम माओवादी केन्द्रका अध्यक्ष एवं प्रधानमन्त्री प्रचण्डले नै गर्नुभएको छ । यसअघि मधेशवादी दलले संविधान संशोधनका लागि दबाव दिँदा संसदसम्म प्रस्ताव पुर्‍याउने व्यक्ति नै प्रचण्ड हुनुहुन्छ । त्यतिबेला एमालेले त्यसलाई पास हुन दिएको थिएन । मधेशवादी दलले उठाएको माग पुरा गर्न प्रधानमन्त्री प्रचण्ड पटक पटक प्रयास गर्नुभएको छ । मधेशवादी दलले उठाएको सम्पूर्ण माग जायज छ भन्ने एक व्यक्ति प्रचण्ड मात्र हुनुहुन्छ । अरु दलका अध्यक्षले आजसम्म भनेको मैले सुनेको छैन । तर अरु अरु दलले डिस्टर्ब गरेर त्यो पुरा हुन दिएन, हुन दिइरहेको छैन । अहिले नागरिकता विधेयक संसदबाट पास भएको छ । नागरिक ऐन संशोधन भएको छ । मधेशी जनताले नागरिकता पाइरहेका छन्, प्रचण्ड प्रधानमन्त्री भएको कारणले मात्र त्यो सम्भव भएको हो । प्रचण्ड प्रधानमन्त्री नभएको भए नागरिकताको समस्या समाधान हुन्छ भने कसैले कल्पना समेत गर्न सकिदैन्थ्यो । अहिले पनि मधेशको जति पनि मागहरु

बाँकी पृष्ठ १२ मा


यस भित्र



केही राम्रा काम गरेका पालिकाहरु ● लेख, पृष्ठ ४



यो असन्तुष्टि आक्रोशमा गएर विष्फोट हुन्छ कि भनि जोखिम छ ● अन्तरवार्ता, पृष्ठ ५



समाजका लागि लड्न सिकाउने रिता दास ● मध्यपृष्ठ, पृष्ठ ६



एनिमलकी रश्मिका किन भइन भावुक ? ● पृष्ठ ९



झिझ्मामा अझै गएन गणतन्त्र ● पृष्ठ १०

## सम्पादकीय

# नेपालीलाई चुनावको पासो

लोकतन्त्रको सबभन्दा सुन्दर गहना भनेको चुनाव हो । जनताले आफ्नो मत प्रयोग गरेर राज्यको नीति निर्माण तहमा आफूले चुनेको प्रतिनिधि पठाउँछ । जनताद्वारा सञ्चालन गर्ने राज्य भन्दा अरू कुनै हुनै सक्दैन । तर विकासशिल मुलुकका लागि पटक पटकको चुनाव त्यति फलदायी हुँदैन । चुनाव एकदमै खर्चिलो हुन्छ । नेपालको निर्वाचन प्रणालीका कारण यहाँका चुनाव निकै खर्चिलो रहेको विभिन्न अध्ययनले देखाएका छन् ।

यस्तो सानो मुलुकमा तीन तहका सरकार छन् । तीनटै तहको चुनाव हुन्छन् । स्थानीय तहको छुट्टै र संघ र प्रदेशका एकै पटक चुनाव हुन्छन् । त्यसमा अर्बौ खर्च हुन्छन् । जसलाई नेपालको अर्थतन्त्रले धान्न गाह्रो हुन्छ । जसोतसो वैदेशिक ऋण तथा सहयोग लिएर चुनाव सम्पन्न गर्छन् । र, त्यसको भार हरेक नेपालीको काँधमा पर्छ । नेपालको प्रतिनिधि सभा र प्रदेश सभा चुनाव भएको एक वर्ष बितेको छ तर नेताहरूले मध्यावधी चुनावको चर्चा गर्न थालेका छन् ।

एक वर्षअघि भएको चुनावको खर्चबाट देश तङ्ग्रिन पाएको छैन, अर्को मध्यावधीको चर्चा सुरू भएको छ । २०७९ मा भएको चुनावमा २० अर्ब भन्दा बढी रकम खर्च भएका छन् । मध्यावधी चुनाव भयो भने त्यो भन्दा बढी रकम खर्च हुन्छ । विभिन्न तथ्यांकले देखाए अनुसार हरेक चुनाव महँगो हुँदै गइरहेका छन् । २०४८ सालमा प्रतिनिधि सभाको निर्वाचन गर्दा ८० करोडको हारहारीमा खर्च भएको थियो । त्यस्तै, २०५१ सालमा सवा अर्ब र २०५६ सालमा दुई अर्ब ७५ करोड आसपासमा खर्च भएको थियो । दोस्रो जनआन्दोलनपछिका चुनावी खर्च ह्वात्तै बढेको देखिन्छ । पहिलो संविधानसभाको निर्वाचन २०६४ मा ७ अर्ब ५० करोड खर्च भएको थियो । दोस्रो संविधानसभाको निर्वाचन २०७० मा खर्च बढेर ११ अर्ब १० करोड पुगेको थियो । गणतन्त्र स्थापनापछि भएको पहिलो चुनाव २०७४ मा प्रतिनिधि सभा र प्रदेश सभामा ३० अर्बभन्दा बढी खर्च भएको थियो । २०७९ मा ३५ अर्ब भन्दा बढी खर्च भएको थियो ।

आर्थिक रूपमा देशको टाट पल्टेको बेला मध्यावधी चुनाव गराउनु भनेको जनतालाई पासो लगाउनु जस्तै हो । मध्यावधी चुनाव अहिलेको राजनीतिक संक्रमणको समाधान होइन । मध्यावधी चुनाव भयो भने राजनीतिक संक्रमण झन चर्किन सक्छन् । राजनीतिक समस्याको समाधान राजनीतिक रूपमै गर्नुपर्छ । चुनाव गराएर राज्यलाई आर्थिक भार मात्र होइन, राजनीतिक भार पनि पर्छ । आर्थिक भार जसोतसो थेग्न सकिन्छ तर राजनीतिक भार थेग्न गाह्रो हुन्छ ।

जनता संघीय गणतन्त्रप्रति होइन, अहिलेका राजनीतिक दल र त्यसका नेताहरूको क्रियाकलापबाट रूष्ट छन् । गणतन्त्र र संघीयतालाई संस्थागत गर्न सकेन, त्यसैको आक्रोश नेपाली जनताले पोखिरहेका छन् । गल्ती नेताहरूले गरिरहेका छन् तर दोष गणतन्त्र र संघीयतामाथि थुपारिरहेको छ । गणतन्त्र नै गलत हो भनि सन्देश दिने गरी परस्थिति निर्माण भइरहेको छ । जुन गलत हो । यदि यस्तै अवस्थामा मध्यावधी चुनाव भयो भने गणतन्त्र र संघीयता विरोधी शक्तिहरू झन खेल्न पाउछन् । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सत्ताधारी दलहरूलाई बोलाएर गणतन्त्रमाथि खतरा देखिएको छ, त्यसलाई जोगाउनका लागि सबै एक जुट हुनुपर्ने जुन धारणा राख्नु भएको थियो, त्यसले प्रतिगामी शक्तिहरूलाई झन कान ठाडो पारि दिएको छ । साँच्चै खतरा रहेको छ, त्यसमा केही बल लगायो भने यसलाई मास्न सकिन्छ कि भनि केही राजवादी तथा हिन्दुवादीहरूले सडकमा निस्केका छन् । र, यसै बीचमा राजनीतिक दलका नेताहरूले आन्तरिक रूपमा मध्यावधी चुनावको चर्चा गर्न थालेका छन् । जुन देशको हितमा छैन । अहिलेको जुन समस्या छ, त्यसलाई राजनीतिक रूपमा नै समाधान गर्नुपर्छ तर पाँच वर्ष नबित्दै चुनाव गराउनु भनेको अहिलेको प्रणालीलाई मास्नु हो ।

## तथ्यांक आफै बोल्छ

प्रदेशगत आर्थिक वृद्धि दर र अंश

| प्रदेश | २०७८/७९* | | २०७९/८०** | |
|---|---|---|---|---|
| | वृद्धि दर | अंश | वृद्धि दर | अंश |
| कोशी | ५.४७ | १५.७ | २.० | १५.८ |
| मधेस | ४.६३ | १३.१ | १.६९ | १३.१ |
| बागमती | ६.३० | ३६.९५ | १.४४ | ३६.८६ |
| गण्डकी | ६.३५ | ८.९ | ३.२६ | ९.० |
| लुम्बिनी | ५.०३ | १४.१ | २.०६ | १४.२ |
| कर्णाली | ५.३२ | ४.१ | १.९१ | ४.१ |
| सुदूर-पश्चिम | ४.७८ | ७.० | १.७८ | ७.० |
| राष्ट्रिय | ५.६१ | १००.०० | १.८६ | १००.०० |

*संशोधित अनुमान ** प्रारम्भिक अनुमान

स्रोत: केन्द्रीय तथ्याङ्क कार्यालय

## पाठक पत्र

saharatimes.com.np@gmail.com



सहारा टाइम्स
संघर्ष, स्वाभिमान र स्वावलम्बन
राष्ट्रिय पाक्षिक
www.saharatimes.com.np
●वर्ष १५, ●पूर्णाङ्क ३१२ ●अंक ५ ●२०८० साल मंसिर १-१५ गते (17 Nov., 1 Dec., 2023) मूल्य रु.१०

# रिगल देखाएर रेशमलाई अँठ्याउने

◆ कैलालीको टीकापुरमा २०७२ भदौ ७ गते भएको झडपमा नेपाल प्रहरीका एसएसपी लक्ष्मण न्यौपानेसहित ९ जनाको मृत्यु भएको थियो ।

◆ संविधानको धारा २७६ को आधारमा राष्ट्रपति पौडेलले करिब ५ वर्ष कैद सजाय काटेका चौधरीको बाँकी कैद मिनाहा गर्ने निर्णय गर्नुभएको थियो ।

◆ फैसला अन्तिम नहुँदै माफी हुन नसक्ने गरी रिगलविरुद्धको रिटमा भएको व्याख्या अध्यक्ष चौधरीको हकमा लागु हुनसक्छ ।

◆ जेठ १६ गते दर्ता गरिएको रिटमा जेठ २३ गते न्यायाधीश प्रकाशमान सिंह राउतको एकल इजलासले चौधरीको बाँकी कैद मिनाहा गर्नुको कारण माग गर्दै मुद्दालाई अग्राधिकार दिने आदेश दिएको थियो ।

यस भित्र: शिक्षामा निजीकरण, व्यापारिकरण र राजनीतिकरण ● लेख, पृष्ठ ४ | मुस्लिमहरु नागरिकताधारी नागरिक मात्र हुन् ● अन्तरवार्ता, पृष्ठ ५ | छठको महिमा र मनाउने विधि ● मध्यपृष्ठ, पृष्ठ ६ | छठको दुई गीत सार्वजनिक ● पृष्ठ ९

सहारा टाइम्स लाली यादव प्रकाशक

### रेशमलाई पनि जेल

यदि राज्यले सबैमाथि समान न्याय गर्छ, राज्यका लागि सबै जनता बराबर छन् भने रेशम चौधरीलाई पुन थुनामा ल्याउनुपर्छ । नेपालगञ्जका रिगललाई पक्राउ गरेर जेलमा फिर्ता पठाइएको छ भने रेशम चौधरीलाई बाहिर छोड्नु हुँदैन । दुवै जनालाई राष्ट्रपतिले आमामाफी दिनुभएको छ भने एक जना पक्राउ परेर पुनः जेलमा कोचिनु भएको छ भने रेशम चौधरीलाई बाहिर राखियो भने रिगलमाथि अन्याय हुन्छ । रेशम चौधरीले आठ जनाको ज्यान लिएको घटनाका मुख्य दोषी हुनुहुन्छ भनि अदालतले पुष्टि गरिसकेको छ भने यसमा इन्तु किन्तु परन्तु हेर्नु हुँदैन । जेलमा दुवै जना रहनु पर्छ ।

*विकास ठाकुर*
*सिनामङ्गल, काठमाडौं*

### रेशम गद्दार !

रेशम चौधरी विगतमा के थिए, के थिएनन् त्यो पछिको कुरा हो तर उनलाई रेशम चौधरी भनेर दशैंभरि चिनाउने पार्टी मधेशवादी दल नै हो । मधेशवादी दलबाट रेशम चौधरीले फाइदा लिए । मधेशवादी दलकै कारण रेशम चौधरी आज रेशम चौधरी बनेका छन् तर रेशम चौधरीबाट मधेशवादी दलले कुनै फाइदा लिन सकेन । त्यही रेशम चौधरी जो टिकापुर आन्दोलनका कारण भगौडा थिए तर मधेशवादी दलले टिकट दिएर उनलाई चुनाव जिताएका थिए । पछि उनी अदालतमा आत्मसमर्पण गरे । आत्मसमर्पण गरेपनि मधेशवादी दलले उनको रिहाका लागि कुनै कसर बाँकी राखेन । राज्यलाई दबाव दिनका लागि मधेशवादी दलहरुले पटक पटक आन्दोलन गरे । त्यही आन्दोलनका कारण जेलमा रहेका रेशम चौधरीके बार्गेनिङ पावर बढ्दै गयो । शेरबहादुर देउवादेखि लिएर प्रचण्ड, केपी शर्मा ओलीसम्मका नेताहरु उनलाई भेट्न जेल नै पुगका थिए । यी सब मधेशवादी दलका कारण मात्र सम्भव भएको थियो तर उनले त्यसको आडमा आफ्नै पार्टी खोले । सो पार्टीको अध्यक्ष आफ्नै श्रीमतीलाई बनाए । मधेशवादी दललाई गिन्न नै छाडि सके । श्रीमती मन्त्री भइन् । प्रधानमन्त्री प्रचण्डलाई भनेर गणतन्त्र दिवसको अवसरमा सरकारबाट आमामाफी दिन लगाएका थिए । रेशम चौधरीले राष्ट्रपतिबाट आममाफी पाएर जेलबाट रिहा भए । जब कि मधेशवादी दलले त्यसरी आमामाफी चाहेका थिएनन् । त्यसरी आममाफी दिलाएर रिहा गराउन चाहेको भए मधेशवादी दलले उहिले नै रिहा गरिसकेका हुन्थे । तर मधेशवादी दलले राजनीतिक दबाव बनाएर छोडाउन चाहन्थे । यद्यपी रेशम चौधरीले मधेशवादी दलसँग गद्दारी गरी सरकारसँग वार्ता गरेर आममाफी प्राप्त गरी रिहा भएका थिए ।

*बिलटनारायण यादव*
*सिरहा अयोध्यानगर कसहा चौक*

### रेणु यादवको बार्गेनिङको राजनीति

रेणु यादव जमिन्दार परिवारका छोरी र बुहारी हुनुहुन्छ । भारतको बिहारमा पनि उहाँका परिवार बढेचढेका परिवार हो भने सप्तरीमा पनि सैयौं विघा भएका परिवारका बुहारी हुनुहुन्छ । तैपनि उहाँले बार्गेनिङको राजनीतिलाई कहिले छाड्नु भएन । मधेशी जनअधिकार फोरममा आएदेखि नै उपेन्द्र यादवसँग नजिक भएर उहाँले काम गर्नुभयो । उपेन्द्र यादवसँग जहिले पनि उहाँले बार्गेनिङ तथा ब्ल्याकमेलिङ गरेर नै राजनीति गर्नुभयो । किनभने उपेन्द्र यादवको निकट भएर काम गरेका कारणले उहाँको सबै कमजोरी थाह छ । त्यही भएर बेलाबेलामा यस्तो नखरा गरिरहनु हुन्छ । बार्गेनिङ गरेर नै उहाँ सबै पद प्राप्त गर्नुभयो । अहिले पनि राष्ट्रिय सभाको सदस्यका लागि पार्टीमा विद्रोह गर्नुभएको छ । पार्टीमा समानान्तर कमिटीहरु बनाउन थाल्नुभएको छ । उपेन्द्र यादवले उहाँलाई बोलाएर चुपचाप बस्नुस् राष्ट्रिय सभामा तपाईलाई सदस्य बनाउछु भन्दिनुभयो भने उहाँ सबै कुरा छाडेर उपेन्द्र यादवको पछि पछि लाग्नुहुन्छ ।


*जागेश्वर दास*
*सिरहा, गोलबजार-९*

### नेतामा त्रास

सुनैनाकुमारी यादवको लेख पढे । लेख सानो छ तर सन्देशमुलक छ । सबै कुरा त्यसमा समेटिएको छ । अहिले जनतामा जुन प्रकारको आक्रोश छ त्यसबाट ठूला ठूला दलहरु डराई सकेका छन् । जनताको विश्वास गुमाई सकेको कारण नेताहरु डराएका छन् । त्यही डरका कारणले प्रधानमन्त्री प्रचण्डले हरेक दलका नेताहरुलाई बालुवाटारमा बोलाएर गणतन्त्र जोगाउनका लागि गुहार लगाउनु भएको छ । यदि जनताप्रति विश्वास गुमाएको छैन भने यसखालको त्रास किन त ? जनताले गणतन्त्र, संघीयताको अनुभूती गर्न सकेका छैनन् । एउटा राजालाई हटाए पछि अन्य थुप्रै राजाहरुको जन्म भए । त्यसैमाथि जनताले प्रश्न उठाउँदा नेताहरु तनावमा पुगेका छन् । बैठक नै बोलाएर गणतन्त्र जोगाउनका लागि सबै लोकतान्त्रिक शक्ति एक ठाउँमा आउनुपर्ने भन्नुभएको छ । यस्तो नौवत उहाँहरुकै कारणले आएको हो । दुर्गा प्रसाइँको आन्दोलन पनि त्यसैको उपज हो ।

*विनय यादव, किर्तिपुर त्रिवि, काठमाडौं*

## फेसबुक



**शैलेन्द्र क्रान्ति**

जनकपुरको कुनै हस्पिटलमा लापरबाही, डाक्टर बदमासी वा कुनै कारणबस बिरामीको मृत्यु भयो भने पीडित वा मृतक परिवार सबभन्दा पहिला पत्रकार गुहार्छन् । हामी जान्छौं । पीडित परिवार बिलाप गर्दै हस्पिटलमा भएको वृतान्त सुनाउँदै दोषीलाई कारबाही र क्षतिपूर्तिको माग गर्दै सहयोग माग्छन् । हामी सत्यतथ्य बुझेर समाचार लेख्छौं । केही बेर माहोल तात्छ । लाग्छ यो घटनामा पक्कै प्रहरी प्रशासन एवं सम्बन्धित निकायले अनुसन्धान गर्छन् । घटनाको निष्कर्ष आउँछ । दोषीलाई कारबाही हुन्छ । मृतकले न्याय पाउँछन् । तर, विडम्बना भनौं मैले आफ्नो १२ वर्षे पत्रकारिता यात्रामा लेखेको कैयौ घटनामा आजसम्म अनुसन्धान, निष्कर्ष, दोषीलाई कारबाही, मृतकलाई न्याय केही भएको देखेको छैन । घटनापछि अलि होहल्ला, तोडफोड, धर्ना हुन्छ ।

मिडियामा समाचार आउँछ । राम्रो माहोल बनेपछि मृतक परिवार लासमाथि पैसाको बार्गेनिङ गर्छन् । प्रहरी प्रशासन अनुसन्धान गर्नुको साटो हस्पिटलका बाउन्सर, दलाल संरक्षक बन्छन् । उल्टै घटना मिलाउन भूमिका खेल्छन् । हस्पिटलले सेवाग्राहीबाटै लुटेको पैसाबाट मृतक परिवार र प्रहरी प्रशासनलाई केही दिएर केस रफादफा गर्छन् । मृतक परिवार ढौवासहित लास बुझेर खुसीखुसी घर फर्कन्छन् । त्यसपछि मृतक परिवार पत्रकारसित कुरा गर्न मान्दैनन् । नत हस्पिटलको कारबाहीको लागि अघि बढ्छन् । सब सेटिङ हुन्छ ।

मृतकको न्याय, दोषीलाई कारबाहीका लागि लेख्ने पत्रकार लुटेरा हस्पिटलहरुका दुश्मन हुन्छन् । जनकपुरधाममा प्रायः जसो हस्पिटल मापदण्ड विपरीत छन् । दर्जन बढी खुलेआम वर्षौदेखि विना अनुमति कानुन प्रहरी प्रशासनसहित सरकारलाई आफ्नो प्रभावकरमा पारेर चलाइरहेको हस्पिटल सञ्चालक बाउन्सर पालेकै हुन्छन् । घटनामा लेखेका पत्रकारलाई बाउन्सरबाट तह लगाउन वा अन्ठसन्ठ लेखेर चरित्र हत्या गराउन सञ्चालकहरु साइत खोजेर बसिरहेका हुन्छन् । अर्थात् सबभन्दा बेबकुफ पत्रकार ! कहिलेकाही सोचेर पनि लागिरहेको हुन्छ कसका लागि, किन लेखिरहेका छौं ? किन आफैंलाई जोखिम मोलिरहेका छौं ? आफैंलाई पीडावोध भइरहेको हुन्छ । तर, फेरि सोच्छु यो त हाम्रो दायित्व हो । अरु गैर जिम्मेवार, अनउत्तरदायी, नैतिकहीन, बेइमान छन् भने हामी पनि त्यस्तै किन बन्नु ? आफ्नो कर्तव्य पूरा गर्नु पर्छ । परिणाम जेसुकै होस् । यि कुराहरु सोचेर आफैलाई सहानुभूति दिन्छु । मन भुलाउँ छु ।

# हिन्दु राष्ट्रका लागि यसरी तयार हुँदैछ नेपाल

नवलपरासी (पूर्व) को प्रथम जिल्ला सम्मेलनलाई मंसिर १२ गते सम्बोधन गर्दै काँग्रेसका सभापति शेरबहादुर देउवाले राजतन्त्र पुनःस्थापना गर्न सकिदैन तर संविधानबाट धर्म निरपेक्षता हटाएर हिन्दु राज्य राख्ने विषयमा छलफल गर्न सकिने अभिव्यक्ति दिनुभएको थियो । यो कुरा उहाँले त्यो दिन मात्र होइन, केही समयदेखि उहाँले लगातार कुरा उठाउँदै आउनु भएको छ ।

पार्टीको बैठकमा पनि उहाँले हिन्दु राष्ट्रको कुरा उठाउनु भएको थियो भने प्रमुख तीन दलका अध्यक्ष केपी शर्मा ओली र माओवादी केन्द्रका अध्यक्ष प्रचण्डसँग बैठकमा पनि उहाँले हिन्दु राष्ट्रको विषय प्रवेश गराउनु भएको थियो । हिन्दु राष्ट्रप्रति देउवा मात्र होइन, एमालेका अध्यक्ष केपी शर्मा ओली, माओवादी केन्द्रका अध्यक्ष एवं प्रधानमन्त्री प्रचण्ड, लोसपाका अध्यक्ष महन्थ ठाकुर, जनमत पार्टीका अध्यक्ष डा.सिके राउत, जसपाका अध्यक्ष उपेन्द्र यादव पनि सकारात्मक हुनुभएको छ ।

देउवा जतिको स्पष्ट रुपमा यी नेताहरुले अभिव्यक्ति नदिए पनि विभिन्न समयमा आशय व्यक्त गरिरहनु भएको छ । एउटा टिभीमा अन्तरवार्ता दिँदै सिके राउतले संविधानमा सनातन धर्मको कुरा उल्लेख गरिएको छ, त्यो हिन्दु राष्ट्रकै अवधारणा हो भन्नुभएको थियो । ठिक त्यही लाइनमा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले पनि अभिव्यक्ति दिनुभएको छ । उहाँले अहिलेको संविधान पनि हिन्दु राष्ट्रकै संविधान रहेको दावी गर्नुभयो ।

पार्टीको आधिकारिक युटुयुव च्यानेलमार्फत आफ्नो धारणा सार्वजनिक गर्दै अध्यक्ष यादवले अहिलेको संविधान हिन्दु राष्ट्रकै संविधान हो, हिन्दु राष्ट्रका लागि टाउको दुखाईको विषय नरहेको स्पष्ट पार्नुभएको छ । नेपालको संविधानमा स्पष्ट रुपमा हिन्दु लेखिएको छ भन्दै उहाँले पहिलाको संविधान र अहिलेको संविधानमा खासै फरक नदेखिएको पनि दावी गर्नुभयो । अहिलेको संविधानमा पनि सनातन हिन्दु धर्मलाई मान्यता दिएको कारण अहिलेको संविधान पनि हिन्दु राष्ट्रको संविधान रहेको बताउनु भयो ।

तीन दलका शीर्ष नेताको बैठकमा देउवाका प्रस्तावमाथि एमालेका अध्यक्ष ओली र प्रधानमन्त्री प्रचण्डले मौन समर्थन जनाई सक्नुभएको छ । गत जेठमा भारत भ्रमणमा गएको बेला प्रधानमन्त्री प्रचण्ड उतैबाट हिन्दु राष्ट्रको एजेण्डा लिएर स्वदेश फर्किनुभयो । भ्रमणको क्रममा भारत मध्यप्रदेशको उज्जयनमा महाकालेश्वर मन्दिरमा गेरुवावस्त्र धारण गरी प्रचण्डले जुन अवतारमा आउनु भएको थियो, नेपाल हिन्दु राष्ट्र बन्न गइरहेको छ भनि संकेत थियो । भारत भ्रमण सकाएर आएपछि भित्रैभित्र हिन्दु राष्ट्र निर्माणको नाममा गृहकार्य सुरु भइसकेको छ । ओली, देउवा, उपेन्द्र यादव, महन्थ ठाकुर, सिके राउतलगायतका नेता भित्रभित्रै सहमति जनाई सकेपछि प्रधानमन्त्री प्रचण्ड एउटा कुनै मौकाको तालासमा हुनुहुन्छ । प्रचण्डले आफ्नो कार्यकालमा हिन्दु राष्ट्र घोषणा नगरे पनि देउवाले आफ्नो कार्यकालमा हिन्दु राष्ट्रको घोषणा गर्ने धेरै सम्भावना रहेको छ ।

संविधानमा उल्लेख भएको धर्मनिरपेक्षताको विषयमा कांग्रेस नेता शंशाक कोइराला, शंकर भण्डारी, मधु आचार्यलगायतको ठूलो पंक्ति असहमत रहेको छ । त्यसैले, यो समूहले काँग्रेसको बस्न लागेको महासमितिको बैठकमा पनि संविधान संशोधन र सनातन धर्मको पक्षमा एजेण्डा प्रस्तुत गर्ने अनौपचारिक तयारी पनि गरेको बुझिएको छ । पछिल्ला दिनमा धर्मको विषयमा शेखर कोइरालाको मत पनि धेरै फरक भइरहेको छ ।

शेखर कोइरालालाई हिन्दु राष्ट्रको बारेमा विभिन्न सञ्चारमाध्यममा सोधेको प्रश्नमा उहाँले नाइ कतै भन्नुभएको छैन । घुमाउरो तरिकाले हिन्दु राष्ट्र हुनुपर्ने कुराको

बाँकी पृष्ठ १० मा

# मधेशलाई मरुभूमी बनाउने चाइनिज पक्राउ

जथाभावी गिटी बालुवा उत्खनन् गरेर चीनले मधेशलाई कसरी मरुभूमी बनाइरहेका छन्, त्यसको खुलासा भएको छ । हालै चीनका सरकारी कम्पनी चाइना रेल्वे कम्पनीमा कार्यरत एक जना चिनियाँ नागरिक गिरफ्तार भएपछि त्यसको खुलासा भएको हो । महेन्द्र राजमार्ग विस्तारका लागि चाहिने बालुवा गिटी उत्खनन् गर्ने क्रममा डिभिजन वन कार्यालय सिरहा लहानले चिनियाँ नागरिक हु स्या छ्याङलाई पक्राउ गरेको छ । डिभिजन वन कार्यालयका लहानका प्रमुख सुजितकुमार झाले सहारा टाइम्ससँग कुरा गर्दै भन्नुभयो, 'चाइन कम्पनीले मापदण्ड विपरित लहान नगरपालिकाको वडा नम्बर १५ स्थित खुट्टी खोलमा गिटी बालुवा उत्खनन् गराइरहेको आरोपमा उहाँलाई पक्राउ गरी अनुसन्धान सुरु गरिएको छ ।'

मापदण्ड उत्खन्न गरिरहेको बेला त्यहाँ रहेको दुई वटा स्काभेटर र चालकलाई वन कार्यालयबाट खटिएका सुरक्षाकर्मीले नियन्त्रणमा लिएको थियो । तर ती ड्राइभरले आफूहरुको यसमा कुनै दोष छैन, कम्पनीका मानिसले जहाँ जहाँ उत्खनन् गर्न भन्छन् त्यहाँ उत्खनन् गरेको, त्यसैले आफू त्यसमा दोषी नरहेको दावी गर्नुभएको थियो । स्काभेटर र ड्राइभर पक्राउ परपछि फिल्ड इन्चार्ज रहेका हु स्या छ्याङ फरार हुनुभएको थियो । पछि उहाँलाई वन कार्यालयका वन रक्षकले मंसिर १५ गते लहानबाट पक्राउ गरेको थियो । उहाँलाई वन कार्यालयको हिरासतमा राखेर अनुसन्धान गरिरहेको छ ।

चाइना कम्पनीले लहान-१५ मात्र होइन, सिरहाका थुप्रै ठाउँमा यसरी उत्खनन् गराई रहेका छन् । सो कम्पनीले पालिकाका प्रमुख तथा त्यहाँका कर्मचारीलाई पैसा खुवाएर सिरहाका विभिन्न ठाउँमा मापदण्ड विपरित बालुवा गिट्टी उत्खनन् गरिरहेको पाइएको छ । यसमा चाइना कम्पनी जति दोषी छन्, त्यति नै दोषी त्यहाँका पालिकाहरु छन् ।

वन कार्यालयका प्रमुख झाका अनुसार लहान नगरपालिकाले वतावरण अध्ययन विना नै चाइन कम्पनीलाई उत्खन्न गर्न ठेक्का दिएको छ । नगरपालिकाले गरेको सम्झौता अनुसार प्रति दिन २०१ घनमिटर बालुवाबाट गिटी मात्र उत्खनन् गर्न पाइनेछ तर चाइना कम्पनीले डेढ घण्टामा ३९० घनमिटर गिटी बालुवा उत्खनन् गरेको पाइएको छ ।

वन नियमावली अनुसार गिटी बालुवा उत्खनन् गर्दा प्रति घनमिटर ९ रुपियाँ राजस्व पालिकालाई बुझाउनुपर्ने हुन्छ तर लहान नगरपालिकाले प्रति घनमिटर ६ रुपियाँमा मात्र सम्झौता गरेको प्रमुख झाले बताउनुभयो । यसरी नगरपालिकाको मिलोमतोमा चाइना कम्पनीले मधेशलाई मरुभूमी बनाउन थालिएको छ । यसलाई रोक्ने प्रयास वन कार्यालय लहानले गरेको छ । तर वन कार्यालयका अनुसन्धान कहाँसम्म जान्छ हेर्न बाँकी नै छ । चिनियाँ नागरिकलाई छाडि दिन वन कार्यालय लहानका प्रमुखमाथि पटक पटक आइरहेको छ ।

त्यसैगरि, सिरहाकै धनगढीमाइ नगरपालिका वडा नम्बर १२ मा सोही कम्पनीले उत्खनन् गरिहँदा त्यहाँ पनि चालकसहित गाडीहरु पक्राउ गरिएको छ । धनगढीमाई नगरपालिकाको वन क्षेत्रमा पर्ने सर्रे खोलामा अवैध रुपमा जेसिबी प्रयोग गरी ढुङ्गा,

बाँकी पृष्ठ १० मा

# उपेन्द्र यादवको व्यस्तता आन्दोलनका लागि यसरी तयार हुँदैछ मधेश

जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव २०६३ को मधेशी जनअधिकार फोरमको अवस्थामा फर्किनु भएको छ । २०६२-०६३ तिर जसरी मधेशी जनअधिकार फोरमलाई लिएर मधेशलाई आन्दोलनका लागि तर गरेर २०६४ मा मधेशमा आन्दोलनको आँधीबेहरी ल्याउनु भएको थियो । ठिक अहिले त्यसरी मधेशलाई जगाउनेतिर लाग्नु भएको छ । उहाँले भन्नुहुन्छ, 'मधेश एउटा आन्दोलनको आवश्यकता छ र यो आन्दोलन वारपारको हुन्छ ।' त्यसका लागि उहाँ दिनरात मेहनत गरिरहनु भएको छ । उहाँ एक्लै भएपनि प्रशिक्षणदेखि लिएर विभिन्न अन्तरक्रिया गोष्ठी कार्यक्रम गर्नुको साथै पार्टी प्रवेशलगायत अन्य भेटघाटलाई तीब्रता दिनुभएको छ । अहिले उहाँको अधिकाँश समय तराई मधेशमा बित्ने गरेको छ । कुनै काम पर्‍यो भने मात्र उहाँ काठमाडौ आउनु हुन्छ नभए अधिकाँश समय मधेशमा बिताउँदै आउनु भएको छ ।

२०६३-०६४ को मधेश आन्दोलनको तयारी चलि नै रहेको थियो कि अचानक आन्दोलनको सुरुवात भएको थियो । त्यो आन्दोलनमा प्रशिक्षित युवाहरु थिएन । आफ्नो अधिकार र पहिचानका लागि लडाई लड्यो तर वैचारिक रुपमा पराजित गर्न नसकिएको निष्कर्ष निकाल्दै उपेन्द्र यादवले यसपटक युवालाई प्रशिक्षण दिइरहनु भएको छ ।

आन्दोलनका लागि युवा तयार गर्नका लागि प्रशिक्षक तयार गर्ने र ती प्रशिक्षकले आन्दोलनको क्रममा वैचारिक र सैद्धान्तिक रुपमा त्यसलाई लिड गर्ने भनि सोचका साथ अध्यक्ष उपेन्द्र यादवले तयारी थाल्नु भएको छ । त्यसका लागि हालसम्म उहाँले पाँच हजार भन्दा बढीलाई प्रशिक्षकको तालिम दिइसक्नु भएको छ । अब उनीहरुले पनि टोलटोल, गाउँगाउँमा गएर तालिम दिने उपेन्द्र यादवको आन्तरिक तयारी रहेको छ ।

तीन महिने अभियानमा पार्टीले संगठन निर्माण तथा पुनर्गठन गर्ने कार्य गर्नुको साथै प्रशिक्षण पनि सञ्चालन गर्दै आइरहेको छ । ती सबै प्रशिक्षणमा अध्यक्ष यादव आफै स्वयं सहभागी हुँदै आइरहनु भएको छ । जसपाले प्रदेशदेखि जिल्ला स्तरमा पनि प्रशिक्षण कार्यक्रमको आयोजना गर्दै आउनु भएको छ । अध्यक्ष उपेन्द्र यादवले मधेश प्रदेश, कोशी प्रदेश, बागमती प्रदेश, सुदुरपश्चिम प्रदेश, लुम्बनी प्रदेशमा गएर प्रशिक्षण दिइसक्नु भएको छ । त्यस्तै, धनुषा, महोत्तरी, मोरङलगायतका जिल्लामा प्रशिक्षण दिइसकेका छन् । त्यस्तै, उहाँले भातृ संगठनलाई पनि प्रशिक्षण दिनुभएको छ । अरु बाँकीलाई पनि प्रशिक्षण दिइने भने उहाँको आन्तरिक तयारी चलिरहेको छ ।

उहाँले पार्टीको वैचारिक धारणा, देशको समसामयिक राजनीतिक अवस्था, राजनीतिक दलका तुलनात्मक अध्ययन, अन्तराष्ट्रिय अवस्थालगायतको विषयमा प्रशिक्षण दिने गर्नुभएको छ । उहाँले एउटा कार्यक्रममा ६ घण्टादेखि ८ घण्टासम्म प्रशिक्षण दिँदै आउनु

बाँकी पृष्ठ १० मा

## फरकमत

# पुराना व्यवस्था आयो भने युवाले १० दिन पनि झेल्न सक्दैन



डा.सिके राउत

अहिलेका सरकारले केही गरेन, अहिलेका नेता केही गरेनन् भने त्यस्ता पार्टी र प्रवृतिलाई फाल्ने अधिकार पनि जनतालाई दिएको छ । यसको मतलब यो व्यवस्था फाल्ने होइन । यदि यो व्यवस्था नै फ्याल्ने हो भने त्यो अधिकार पनि रहदैन । जुन मान्छेले यो भोगेका छन् त्यसलाई मात्र थाह कि व्यवस्था फ्याल्ने कुरा गर्दा नै राजद्रोहको मुद्दा लगाइन्थ्यो ।

अहिले खुलम खुल्ला व्यवस्था नै फ्याल्ने कुरा गर्दैछन् । तर कसैले केही भनेका छैनन् । बरु प्रहरीले समातेर घरघर पुर्‍याई दिन्छन् । पहिला एउटा शिक्षकले नारा नलगाई दिँदा त्यसलाई मृत्युदण्ड दिइन्थ्यो । आफ्नो मातृ भाषा बोलेको भरमा यो देशमा मृत्युदण्ड दिएको इतिहास छ । आफ्नो भाषामा समाचार वाचन गरेकै भरमा राज्यद्रोहको मुद्दा लगाएर जेलभित्र कोचिएको थियो ।  यो कुरा अहिलेका पिढीलाई थाह छैन ।

त्यो व्यवस्था र अहिलेको व्यवस्थासँग कुनै तुलनै हुन सक्दैन । अहिलेका जेनरेशनले त्यो व्यवस्था भोगेकै छैनन् । सामाजिक सञ्जालमा जान्छन्, हेर्छन् जे कुरामा प्रतिकृया दिएका छन्, जे कुरामा आक्रोश पोखेका छन् । पुरानो व्यवस्था कथमकदाचित आइदियो भने उनीहरु १० दिन पनि झेल्न सक्दैन । बरु पुराना नेताहरु झेल्छन् किनभने उनीहरु सबै झेल्दै आएका हुन् । उनीहरु त्यसको विरुद्धमा लडेका छन्, जेलनेल भोगेका छन्, त्यही भएर पुराना व्यवस्था आइदियो भने पुराना नेताहरुले झेल्न सक्छन् तर अहिलेका युवाले झेल्न सक्दैन ।

पहिला रेडियो सुन्नका लागि पनि लाइसेन्स लिनुपर्थ्यो, साइकल चढ्नका लागि पनि लाइसेन्स लिनुपर्थ्यो । फेरि लाइसन्स लिन अहिलेको जस्तो सहज थिएन । ठूला बडा, हुनेखानेहरुले मात्र त्यो लाइसेन्स पाउन सक्थे । छोटे बडे जुन हाकिमहरु हुन्थे त्यसको अगाडिमा बस्ने कुरा कहाँ हो कहाँ, त्यसको घरको अगाडिबाट जाने पनि निषेध थियो । अहिलेका युवाले ती कुराहरु भोगेका छैनन्, त्यही भएर केही थाह छैन ।

लोकतन्त्रले दिएको स्वतन्त्रता के हो, नयाँ पिढीहरुलाई थाह छैन । अहिले गणतन्त्रमाथि धेरै आक्रमण भएको छ । गणतन्त्र कति सुन्दर व्यवस्था हो, जसमा आमजनताका छोराछोरी, गरिब जनताका छोराछोरी देशकै सर्वोच्च पदमा आसिन हुन पुगे । २५० वर्षको इतिहासमा कुनै मधेशीको छोरा शीर्ष पदमा गएका थिएनन् । गणतन्त्रकै कारण एउटा मधेशीको छोरा सर्वोच्च पदमा गएका हुन् । भोली कोही आदिवासी जनजातिको छोरा जान सक्लान् । जुनकुरा असम्भव थियो त्यो कुरा गणतन्त्रले दिएको छ ।

समाजिक सञ्जालमा युवाको कुरा हेर्दा, सुन्दा मलाई ताजुब लाग्छ । लोकतन्त्र कति सुन्दुर व्यवस्था हो त्यो चुनावमा गएपछि थाह हुन्छ । हरेक घरघर गएर, जुनसुकै जातको होस्, तल्लो माथिल्लो जुनकै जातको होस् सबैको अगाडि गएर खुट्टा ढोग्नु पर्‍या छ । चाहे त्यो नेता विनोद चौधरी होस् या कुनै अरबपति होस् कुनै मतलब छैन । यो प्रिभलेज अरु कुनै व्यवस्थाले दिन सक्दैन, यो लोकतन्त्रले मात्र दिनसक्छ । एउटै खाना सधै खानका लागि दियो भने त्यो राम्रो हो कि तीनसय वटा परिकार पकाएर चयन गर्न दियो कि ल के के खान्छौं खाउ भनि रोज्न दियो भने कुन व्यवस्था राम्रो हुन्छ ? पक्कै पनि तपाईलाई जहाँ चयन गर्ने अधिकार दिएका हुन्छन् त्यो व्यवस्था नै राम्रो हुन्छ । पहिलाको व्यवस्थामा चयन गर्न पाइदैन्थ्यो, जे आउँथ्यो त्यही खानु पर्थ्यो खाए खा नखाए घिच जस्तो हुन्थ्यो । अहिले तीन करोड जनतलाई आफ्नो प्रतिनिधि चयन गर्ने अधिकार दिएको छ । चयन गरेको व्यक्तिले केही गरेन भने त्यो व्यक्ति गलत भयो तर व्यवस्था गलत होइन ।

जनताले नै चयन गर्ने बेलामा राम्रो चयन गर्नुपर्थ्यो । जन प्रतिनिधि चयन गर्ने कुरा जनताको हातमा छ । व्यवस्थामा कुनै प्रश्न गर्न मिल्देन । कसैले दुरुपयोग गरेका छन् भने त्यसलाई सुधार्नु पर्छ । त्यसलाई हटाउन सकिन्छ, अरुअरु प्रावधानमा जान सकिन्छ तर व्यवस्थालाई दोष दिन पाइदैन ।

दुर्गा प्रसाइँहरु व्यवस्था परिवर्तन मागको खोल ओढे पनि अन्तरनिहित त्यो माग होइन । जुन दलहरु (राप्रापाहरु)को माग नै राजतन्त्र व्यवस्था थियो ती दलहरुले पनि उनीहरुलाई साथ दिएन । यदि दुर्गा प्रसाईहरुको माग नै त्यही भएको भए राप्रपालगायतका दलहरुले पनि साथ दिन्थे । त्यहाँ त आराजकता मचाउनेको नाममा ताण्डव मचाउने बाहेक अरु केही पनि थिएन किनभने राजनीतिक चरित्र त्यस्तो हुँदैन ।

राजनीतिक गर्नका लागि भिजन चाहियो । राजनीतिक गर्न विचार चाहिन्छ, भिजन चाहिन्छ । आराजकता राजनीति होइन । यसले देशलाई नै बेफाइदा पुर्‍याउँछ ।

*(जनमत पार्टीका अध्यक्ष सिके राउतसँग गरिएको कुराकानीमा आधारित)*

लेख



■ कृष्णहरी बास्कोटा

# केही राम्रा काम गरेका पालिकाहरु

**केही पालिकाले कृषिको सम्भाव्यता अध्ययन गराएका छन् भने केहीले माटो परीक्षण गरेका छन्। कुनै पालिकाले 'एक घर एक टनेल' कार्यक्रम सञ्चालन गरेका छन्, कुनैले कृषि उब्जनीलाई जंगली जनावर, बाँदर, किरा आदिबाट जोगाउन बजेट छुट्याएका छन्**

हरेक सिक्काको दुई पाटा हुन्छन् भने झैं संघीय शासन प्रणालीमा उदाएका ७५३ पालिकाले विगत सात वर्षमा थुप्रै राम्रा काम पनि गरेका छन्। यस आलेखमा अन्य पालिकाका लागि अनुसरण गर्न मिल्ने केही प्रमुख अभ्यासको चर्चा गर्ने जमर्को गरिएको छ।

**कृषि सुधार**

नेपाल कृषि प्रधान देश हो। यसर्थ, नेपालका पालिकाहरुले खाद्यान्न, हरियो तरकारी, फलफूल, माछा, मासु र दूधमा आत्मनिर्भर हुने प्रयास गरेका छन्। केही पालिकाले 'एक वडा एक उत्पादन' अभियान सञ्चालन गरेका छन् भने केहीले कृषिमा यान्त्रिकीकरण भित्र्याउन आलुको ड्याङ बनाउने मेसिन, धान काट्ने रिपर, पावर टिलर, मिनीट्याक्टरजस्ता उपकरणमा कम्तिमा ५० प्रतिशत अनुदान दिएका छन्।

केही पालिकाले कृषिको सम्भाव्यता अध्ययन गराएका छन् भने केहीले माटो परीक्षण गरेका छन्। कुनै पालिकाले 'एक घर एक टनेल' कार्यक्रम सञ्चालन गरेका छन्, कुनैले कृषि उब्जनीलाई जंगली जनावर, बाँदर, किरा आदिबाट जोगाउन बजेट छुट्याएका छन्। केही पालिकाले बाँदरलाई कोक्रामा हालेका छन् भने केहीले बन्दुक पड्काएर भगाएका छन्। कुनै पालिकाले बाँदरले नखाने खेती आरम्भ गरेका छन्।

यसैगरी, केही पालिकाले फलफूलको विकासका लागि स्याउ, अनार, लिची, ओखरलगायतका बिरुवा वितरण गरेका छन् भने केही पालिकाहरुले आफ्नै नर्सरी स्थापना गरेका छन्। केहीले आलु, अलैंची, किवी, लसुन, भटमास, सिमी, स्याउ, सुन्तला, कोदो, फापर, मार्सी धान, गाईपालन, बाखापालन, भैंसीपालन, मौरीपालन, दूध उत्पादन वृद्धि आदिको क्षेत्र बनाएका छन् भने केहीले समर्थन मूल्यमा कृषि उत्पादन खरिद गर्न थालेका छन्। केही पालिकाले बीउमा अनुदान दिएका छन् भने कतिपयले सुन्तला महोत्सव गरी स्थानीय उत्पादनको बजार खोजी गरेका छन्।

केही पालिकाले बाँझो जमिन राख्न निषेध गरेका छन् भने केहीले भूमि बैंकको अवधारणा कार्यान्वनमा ल्याएका छन्। केही पालिकाले सहकारीका सुपथ मूल्य पसल एवं सहकारी एग्रोभेट सञ्चालन गर्न अनुदान दिएका छन् भने केहीले सहकारी र सामूहिक खेती अभियान आरम्भ गरेका छन्। केही पालिकाले हरेक वडामा कृषि र पशु स्वास्थ्य प्राविधिक खटाएका छन् भने केहीले कृषि विषयको पढाइ आरम्भ गरेका छन्।

**पशुपालन विकास**

केही पालिकाले नश्ल सुधार कार्यक्रम सञ्चालन गरेका छन् भने केहीले कोरियाली बाच्छी वितरण गरेका छन्। केहीले सुत्केरी गाई र भैंसीलाई भत्ता दिन प्रारम्भ गरेका छन् भने केहीले गाईवस्तुको जन्म, बसाई-सराई र मृत्यु दर्ता तथा गाई गोरु जन्म दर्ता गर्न एप्स तयार गरेका छन्। केहीले छाडा गाईवस्तु नियन्त्रण गरी गौशाला सञ्चालन गरेका छन् भने केहीले पशु बीमा गर्न लाग्ने आधा रकम अनुदान दिएका छन्।

केही पालिकाले दूध, घिउ, छुर्पी र चिजको उत्पादन बढाउन याक वितरण गरेका छन् भने केहीले महिलाको आय वृद्धि गर्न बाखा वा कुखुरा वितरण आरम्भ गरेका छन्। कसैले सुङ्गुरका पाठा अनुदानमा वितरण गरेका छन् भने केहीले ब्याडे बोको खरिद गरी पालिकामा ल्याएका छन्। केही पालिकाले गोठालो भत्ता दिएका छन् भने केहीले बेमौसमी घाँसका लागि साइलेस प्रविधि भित्र्याएका छन्।

**शिक्षामा सुधार**

केही पालिका शिक्षाको गुणस्तर सुधारमा लागिपरेका छन् भने केहीले सामुदायिक स्कूललाई नमुना तुल्याएका छन्। केहीले पोलिटेक्निकल इन्स्टिच्यूट स्थापना गरेका छन् केहीले साइन्स ल्याब खडा गरेका छन्। केही पालिकाले स्कूलमा इ-हाजिरी र सिसी क्यामेराद्वारा निगरानी बढाएका छन् भने केहीले प्रधानाध्यापकसँग कार्यसम्पादन करार गरेका छन्। केही पालिकाले सबै प्रधानाध्यापकलाई परीक्षाको माध्यमबाट नियुक्ति गरेका छन् भने केहीले 'कमाउ र सिक' कार्यक्रम सञ्चालन गरेका छन्।

केही पालिकाले विद्यार्थीलाई स्वीटर, ड्रेस, साइकल दिएका छन् भने केहीले सबै विद्यार्थीलाई दिवा खाजा खुवाएका छन्। केही पालिकाले वर्षेनी विद्यार्थीको स्वास्थ्य परीक्षण गराएका छन् भने केहीले विद्यार्थीको बैंक खाता अनिवार्य गरेका छन्। केही पालिकाले उत्कृष्ट अंक ल्याउनेलाई डाक्टर पढाएका छन् भने केहीले इन्जिनियर पढ्न अनुदान दिएका छन्। केहीले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा पूर्ण रुपमा प्रदान गरेको घोषणा गरेका छन् भने केहीले पूर्ण साक्षर पालिका घोषणा गरेका छन्।

अधिकांश पालिकाले स्थानीय पाठ्यक्रम लागु गरेका छन् भने कैयौंले स्कूलमा कम्प्यूटर र इन्टरनेट जडान गरी सूचना प्रविधि कक्षा सञ्चालन थालेका छन्। केहीले पालिकाले सबै स्कूलका विद्यार्थीको एउटै पोशाक घोषणा गरेका छन् भने केहीले विद्यालयमा इ-लाइब्रेरी, प्राविधिक शिक्षा, प्रयोगशाला आदिको व्यवस्था गरेका छन्। केही पालिकाले सम्पूर्ण खर्चसहितको आवासीय विद्यालय सञ्चालन गरेका छन् भने केहीले विद्यालयमा प्राविधिक शाखा खडा गरेका छन्। केही पालिकाले स्कूललाई बजारबाट खरिद गरेको उपहार वितरणमा रोक लगाएका छन् भने केहीले विद्यालयमा पत्रु खाना ल्याउन निषेध गरेका छन्।

**स्वास्थ्य सेवा**

पछिल्ला दिनमा अधिकांश पालिकाहरुले अस्पताल वा स्वास्थ्य चौकी सञ्चालनमा ल्याएका छन्। अधिकांश पालिकामा एमबिबिएस डाक्टर पुगेका छन्। केही पालिकाले घरघरमै गएर स्वास्थ्य परीक्षण गरिरहेका छन् भने केहीले वडास्तरमा स्वास्थ्य केन्द्र खडा गरेका छन्। केही पालिकाले चौबिसै घण्टा स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याएका छन् भने केहीले सबै वडामा बर्थिङ सेण्टर सञ्चालनमा ल्याएका छन्। केही पालिकाले डाक्टर, नर्स र अहेबलगायतको अध्ययनमा विशेष छात्रवृत्ति दिएका छन् भने केहीले स्वास्थ्य शिविर सञ्चालन गरि आएका छन्।

**सुशासन प्रवर्द्धन**

प्रायः सबै पालिकाले डिजिटल नागरिक वडापत्र जारी गरेका छन्। प्रायः सबैले वडा कार्यालयबाट नै सेवा प्रवाह गरेका छन्। केही पालिकाले प्रविधिमैत्री, सिसिटिभी, विद्युतीय हाजिरी, स्किन सूचना पाटी, सिसी क्यामरा र विद्युतीय हाजिर जडान गरेका छन्। केही पालिकाले डिजिटल सूचना पाटी राखेका छन् भने केहीले आकर्षक सेवाग्राही सहायता कक्ष सञ्चालनमा ल्याएका छन्। केही पालिकाले अत्याधुनिक कार्यालय भवन निर्माण गरेका छन् भने केहीले सबै वडामा पनि सुविधा सम्पन्न भवन निर्माण गरेका छन्।

केही पालिकाले अनलाइन सेवा दिएका छन् भने केही पालिकाले आफ्ना नागरिकको दुर्घटना बिमा गरेका छन्। केहीले डिजिटल पालिका घोषणा गरेका छन् भने केहीले कागजरहित पालिका बनाएका छन्। केहीले आफूलाई बेरुजुरहित पालिका घोषणा गरेका छन् भने कतिपयले चैत्रभित्रै सबै पूँजीगत बजेट खर्च गर्न सक्ने पालिकाको हैसियत प्रदर्शन गरेका छन्। कैयौं पालिकाले आफ्नो सेवालाई मोबाइल एपमा जोडेका छन् भने कैयौंले अनलाइन सेवा प्रदान गरेका छन्। केही पालिकाले बिहान-बेलुकी पनि सेवा दिएका छन् भने केहीले घरघरमै सेवा प्रवाह गरेका छन्।

**महिला विकास**

हाल केही स्थानीय तहहरुले अविवाहित महिलालाई पनि बृद्ध भत्ता सरह मासिक रकम दिने घोषणा गरेका छन् भने केहीले धुँवारहित चुल्हो वितरण गरेका छन्। केही पालिकाले गर्भवतीलाई विभिन्न सेवा, सुविधा, भत्ता दिन थालेका छन् भने केहीले प्रसुती भत्ता, प्रसुती कोशेली र बच्चालाई उपहार दिने कार्यक्रम सञ्चालनमा ल्याएका छन्। केही पालिकाले छोरी जन्म प्रोत्साहन कार्यक्रम सञ्चालन गरेका छन् भने केहीले सुत्केरीलाई ३५ दिनभित्र भेटी बच्चाको जन्म दर्ता प्रमाणपत्र दिनुका साथै चिकित्सक सेवा पनि उपलब्ध गराएका छन्। केही पालिकाले बिदुर भत्ता पनि आरम्भ गरेका छन्।

**ज्येष्ठ नागरिक**

केही पालिकाले ज्येष्ठ नागरिकलाई थर्मस, सिरक, ज्याकेट बाँडेका छन् भने केहीले सम्मान पत्र दिएका छन्। यसैगरी केही पालिकाले ज्येष्ठ नागरिकलाई निःशुल्क यातायातको परिचयपत्र दिएका छन् भने केहीले जेष्ठ नागरिक परिचय पत्र वितरण गरेका छन्। केहीले ज्येष्ठ नागरिकलाई उपचार खर्च दिएका छन् भने केहीले धार्मिक पर्यटनमा लगेका छन्। केहीले बृद्धाश्रम, चौतारो निर्माण गरेका छन् भने केहीले आरोग्य आश्रम बनाएका छन्। केही पालिकाले ज्येष्ठ नागरिकलाई मासिक एक हजार भत्ता थपिदिएका छन् भने केहीले मल्टी भिटामिन वितरण गरेका छन्।

**वातावरण सुधार**

केही पालिकाहरु फोहोरलाई मोहर बनाउन एकजूट भएका छन् भने केहीले सार्वजनिक स्थानमा बटुवाका लागि डष्टबिनको व्यवस्था गरेका छन्। केहीले पालिकावासीसँग फोहोर खरिद गर्न थालेका छन् भने केहीले कुहिने र नकुहिने फोहरको वर्गीकरण आरम्भ गरेका छन्। केही पालिकाले फोहोरबाट अर्गानिक मल बनाउन थालेका छन् भने केहीले फोहोरलाई रिसाइकल गर्ने प्रयास गरिरहेका छन्।

यसैगरी, केही पालिकाले सार्वजनिक शौचालय निर्माण र सञ्चालनमा विशेष प्रविधि अपनाएका छन् भने केहीले सिक्का खसालेर पानी पिउन मिल्ने प्रबन्ध गरेका छन्। केहीले विपद् सूचना व्यवस्थापन प्रणाली शुरु गरेका छन् भने केहीले सरसफाइ महाअभियान शुरु गरेका छन्। केही पालिकाले सडकको दुवै किनारामा बिरुवा रोपेर हरियाली पालिका घोषणा गरेका छन् भने केहीले पालिकाभित्र प्लाष्टिकको झोला प्रयोग निषेध गर्न कपडाको झोला वितरण गरेका छन्।

**रोजगारी व्यवस्थापन**

रोजगारीको अवसर जुटाउन केही पालिकाले युवा दस्ता खडा गरेका छन् भने केहीले युवा कार्यदल खडा गरेका छन्। यसैगरी, केहीले रोजगार कार्यक्रम घोषणा र केहीले युवा इलम कार्यक्रम घोषणा गरेका छन्। केही पालिकाले बेरोजगारमुक्त अभियान सञ्चालन गरेका छन् भने केहीले श्रम बैंक शुरु गरेका छन्। यसैगरी, केही पालिकाले वैदेशिक रोजगारीमा जानेलाई ऋण दिएका छन् भने केहीले श्रम स्वीकृति जारी गर्ने काम आरम्भ गरेका छन्।

**बालबालिकाको विकास**

केही पालिकाले बालमैत्री सुशासनमा उत्कृष्ट स्थान हासिल गरेका छन् भने केहीले बालबालिकालाई एक घण्टाको गाउँपालिका अध्यक्ष वा नगर पालिकाको प्रमुख हुने अवसर दिएका छन्। केहीले बालश्रमिकलाई घर फर्काएका छन् भने केहीले बालगृह स्थापना गरेका छन्। केही पालिकाले अनाथ बालकालिकालाई मासिक भत्ता दिन थालेका छन् भने केहीले अनाथको जिम्मा लिएका छन्। केही पालिकाले बाल हित कोष खडा गरेका छन् भने केही पालिकाले बालअधिकारको बहस आरम्भ गरेका छन्।

**रचनात्मक कार्यहरु**

केही पालिकाले सडक मानवरहित पालिका घोषणा गरेका छन् भने केहीले खरको छानामुक्त पालिका घोषणा गरेका छन्। केहीले खाद्यान्नको राशन कार्ड वितरण गरेका छन् भने केहीले एफएम र साप्ताहिक पत्रिका प्रकाशन आरम्भ गरेका छन्। केहीले पालिकाको स्वरुप नै फेर्ने गुरुयोजना लागु गरेका छन् भने केहीले व्यावसायिक बसपार्क निर्माण गरेका छन्।

यसैगरी, केही पालिकाले सबै वडामा हेलिप्याड निर्माण गरेका छन् भने केहीले डिजिटल नक्सा पास आरम्भ गरेका छन्। केहीले प्रत्येक वर्ष प्रत्येक वडामा गरिबका लागि एक/एक घर निर्माण गर्ने अभियान आरम्भ गरेका छन् भने केहीले स्थानीय जडिबुटी संकलन, प्रशोधन गरी आयुर्वेदिक औषधि उत्पादन गर्ने काम आरम्भ गरेका छन्। केही पालिकाले एकीकृत घुम्ती सेवा सञ्चालन गरेका छन् भने केहीले आफूलाई नमूना पालिका घोषणा गरेका छन्।

केही पालिकाले आफ्नो लोगो र गान सार्वजनिक गरेका छन् भने केहीले लैगिंक हिंसा निवारण कोष खडा गरेका छन्। केहीले बाल विवाह रोक्न विवाहमा पालिकाको अनुमति अनिवार्य गरेका छन् भने केहीले छोरी आत्मरक्षा र छोरी सुरक्षा कार्यक्रम लागु गरेका छन्। केही पालिकाले मदिरा र सूर्तीको बिक्री निषेध गरेका छन् भने केहीले कृषकले उपयोग गरेको विद्युत्को महशुल तिरी दिएका छन्।


यस अतिरिक्त, केही पालिकाले कोशेली घर सञ्चालन गरेका छन् भने केहीले लगानी सम्मेलन गरेका छन्। केही पालिकाले लोक सेवा आयोगको परीक्षाको तयारी कक्षा सञ्चालन गरेका छन् भने केहीले शिक्षक सेवा आयोगको परीक्षाको कक्षा सञ्चालन गरेका छन्। केही पालिकाले टोलटोलमै योजना सम्झौता गर्न थालेका छन् भने केहीले घुम्ती न्यायिक सेवा सञ्चालन गरेका छन्। केही पालिकाले 'वाइफाई फ्री' जोनहरु बनाएका छन् भने केहीले युवाहरुलाई राजनीतिक अभ्यासको तालीम आरम्भ गरेका छन्।

केही पालिकाले भ्रमण वर्ष घोषणा गरेका छन् भने केहीले पदयात्राका लागि आह्वान गरेका छन्। केहीले फुटपाथ खाली गराएका छन् भने केहीले इण्डक्सन चुल्हो बाँडेका छन्। केहीले पालिका तारा घोषणा गरेका छन् भने केहीले किसानलाई क्रेडिट कार्ड दिएका छन्। यसरी मुलुकभित्रका ७५३ वटा पालिकाहरुले राम्रा असल अभ्यास आरम्भ गरेका छन्।

*(लेखक **कृष्णहरी बास्कोटा** नेपाल सरकारका पूर्वसचिव हुनुहुन्छ, उहाँले यो लेख राससमा लेख्नुभएको थियो)*

अन्तरवार्ता

# यो असन्तुष्टि आक्रोशमा गएर विष्फोट हुन्छ कि भनि जोखिम छ



**सिके लाल, राजनीतिक विश्लेषक**

**देशको व्यवस्था नै परिवर्तन गर्ने गरि सडकमा आवाजहरु उठ्न थालेका छन् । देशका प्रधानमन्त्री स्वयंले पनि गणतन्त्रमाथि खतरा छ भनि सर्वदलीय इमर्जेन्सी बैठक बोलाउँछन् । देशमा विदेशी एजेन्सीहरुको सक्रियता बढ्छन्, सुरक्षा निकायले भन्छन्, एलर्ट भएर बस्ने अवस्था छ । सरकार आज फालिन्छ, भोली फालिन्छ भनि कुना कुनातिर कुरा हुन थालेका छन् । राजा ल्याएर गणतन्त्र फ्याल्ने भनि राजावादी नेताहरुले चुनौती दिइरहेका छन् । आखिर यो देशमा के भइरहेका छन्, साँच्चै जनता यो व्यवस्थाप्रति असन्तुष्ट भएका हुन् त, साँच्चै गणतान्त्रिक तथा धर्मनिरपेक्षता ल्याउने नेताहरु हिन्दु राष्ट्र बनाउन लागेकै हो त, साँच्चै नयाँ वैकल्पिक शक्तिहरुले पुराना शक्तिहरुलाई धक्का दिएर फ्याल्दैछ त ? हामीले यी सबैको जिज्ञासा मेटाउने प्रयास राजनीतिक विश्लेषक एवं चिन्तक सिके लालसँग गरेका छौं ।**

**सडकमा गणतन्त्रको विरुद्धमा आक्रोश पोखिन थालिएको छ, त्यसलाई तपाईले कसरी हेर्नु भएको छ ?**

अहिले लगभग संसारभरि नै आर्थिक स्थिति राम्रो छैन । नेपालमा पनि त्यही अवस्था छ । यहाँको आर्थिक अवस्था राम्रो छैन । । पसलहरु बन्द भएका छन् । आयस्रोत कमजोर भएको छ । मान्छेलाई बच्चाको स्कूल फि तिर्न गाह्रो भएको छ । अस्पताल जान, औषधी तिर्न गाह्रो भएको छ । चाडपर्व पनि राम्रोसँग मनाउन पाएन । त्यसैले जनतामा आक्रोशभन्दा पनि असन्तुष्टि छ । असन्तुष्टि आक्रोशमा त्यो बेला बदलिन्छ, जति बेला असन्तुष्टलाई यो लाग्छ कि मेरो कुरा सुनि दिने कोही भएन, त्यतिबेला असन्तुष्टि आक्रोशमा बदलिनेछ । दुर्भाग्यवश अहिलेको सरकारले पनि कुरा नसुन्ने किसिमको व्यवहार गरिदिने भएका हुनाले यो असन्तुष्टि आक्रोशमा विष्फोट हुन्छ कि भनि जोखिम छ । अहिले नै आक्रोशको विष्फोट भइसकेको छैन । आक्रोशको विष्फोट भयो भने त्यसलाई थेग्न सक्ने क्षमता हाम्रो संस्थाहरुसँग छैन । असन्तुष्टिलाई यही नै हाम्रो आधार हो भन्दै परायोजित विस्फोटहरु भइरहेका छन् ।

**पछिल्लो समय धर्मनिरपेक्षताको विषयमा पनि सडकमा आन्दोलनहरु भइरहेका छन्, त्यसमा भित्रि रुपमा राजनीतिक दलका शीर्ष नेताहरुले पनि बोलीमा लोली मिलाई रहेको भान हुन्छ, तपाईलाई कस्तो लाग्छ ?**

हिन्दु धर्म र धर्मनिरपेक्षताको बिचमा कुनै अन्तरविरोध छैन । भगवान माने पनि हिन्दु नमाने पनि हिन्दु, मन्दिर गए पनि हिन्दु नगए पनि हिन्दु । माछा मासु खाए पनि हिन्दु नखाए पनि हिन्दु । समस्या हिन्दुसँग छैन । हिन्दु धर्मलाई पुरहेतवादको रुपमा अर्थाइएको छ । त्यसमा जाती व्यवस्था छ । जाती व्यवस्थामा के भनिएको छ भने कोही जन्मदै माथि गएका छन्, कोही जन्मिदै तल छन् ।

जाती व्यवस्था
भनेको धर्मनिरपेक्षताको विरोधी अवधारणा हो । पुरहेतवाद धर्मनिरपेक्षताको विरोधी अवधारणा हो । हिन्दुत्व भनेको एउटा राजनीतिक विचारधारा हो । जसको धर्मसँग कुनै लेनादेना छैन । हाम्रो जुन राजनीतिक नेतृत्व छन् त्यो लगभग एकल जातीय छन् । चाहे त्यो प्रमुख प्रतिपक्षी दलको होस् वा सत्ताधारी दलको होस् । ती दलहरुलाई के लाग्छ भने हाम्रो बर्चस्वलाई कायम राख्ने हो भने हिन्दु राज्य एउटा आधार हुनुसक्छ । त्यसैले खडगप्रसाद शर्मा ओली राम जन्मभूमी ठोरीमा खोज्ने थाले, पशुपतीमा सुनको जलहरी चढाउन थाले । पुष्पकमल दाहाल भारतको उजैनमा गएर गेरुवावस्त्र ओढेर महाकालको पुजा गरे । कालोबोका चढाउने शेरबहादुर देउवाको कार्य प्रख्यात भएकै हो । कुनैको नाम लिनुस् सबैको भित्रि रुपमा हेर्दा 'हाम्रो बर्चस्वको आधार हो' भनेका छन् । भारतका प्रधानमन्त्री नरेन्द्र मोदी पाँच पटक नेपाल आउनु भएको छ ।

उहाँले भन्नुभएको छ, 'यो एउटा हाम्रो हिन्दु राज्य थियो, जसलाई हामीले बचाउन सकेनौ ।' प्रधानमन्त्री मोदीलाई के लागि रहेको छ भने पहिलो कार्यकालमा हिन्दु राज्य बनाउन त सकिन, दोस्रो कार्यकालमा नेपालमा यदि हिन्दु राष्ट्र कायम गराउन सकियो भने अर्को कार्यकालमा भारतलाई पनि हिन्दु राष्ट्र बनाउन नारा पाइन्छ । र, यो नाराले उत्तर प्रदेश र विहारमा त्यसको असर केही नकेही पर्छ भनि बुझ्रेर नै यी सब भइरहेको छ किनभने भारतमा सन् २०२४ मा निर्वाचन छ भने आरएसएसको शतवार्षिकी सन् २०२५ मा छ ।

**नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले पनि हिन्दु धर्मका बारेमा विचार गर्न सकिन्छ भनि कताकता अभिव्यक्ति दिनुभएको छ, त्यो के हो जस्तो लाग्छ तपाईलाई ?**

सभापति शेरबहादुर देउवाले आफै पनि विश्वास गरेर त्यो अभिव्यक्ति दिएको हुनुपर्छ । दोस्रो कुरा, यदि प्रधानमन्त्री बन्नु छ भने मैले यो यति एउटा कम से कम गर्नुपर्छ भनि उनलाई कसै कसैले भनेको हुनुपर्छ । तपाईले त्यति पनि गर्न सक्नु भएन भने तपाईलाई प्रधानमन्त्री बन्ने सम्भावना साह्रै न्युन छ, अहिलेका प्रधानमन्त्री तयार छन्, यसमा त्यसको सहयोगको जरुरी पर्छ, अग्रसरता नै लिनु भयो भने झन राम्रो भनि कसै कसैबाट सन्देश गएको हुनुपर्छ ।

**देउवाले भनि सकिपछि भोटको लोभमा अरु दलहरुले पनि अब फटाफट भन्न थाल्नेछन् होइन ?**

प्रतिस्पर्धाका लागि भिडको अगाडि उभिनेको पनि केही पृष्ठभूमी हुनुपर्छ नि त । नभए त दुर्गा प्रसाइँ राम्रै भिडका अगाडि उभ्याएका थिए । दुई तीन दिनमै फासफुस गतिमा पुग्यो । यत्रो लगानी गरेपनि फासफुसमा गयो । भिडको अगाडि उभिएको मान्छेलाई उभ्याई राख्नका लागि पनि एउटा संगठनको जरुरी पर्छ । एउटा वैचारिक आधारको आवश्यक हुन्छ । खाली भिडको अगाडि उभिएर मात्र हुँदैन । त्यसैले शेरबहादुर देउवा त्यस मामिलामा अगाडि हुनुहुन्छ । उहाँ हिन्दुत्ववादी हुनुहुन्छ । उहाँले यो पहिला पनि बोल्न सक्नु हुन्थ्यो तर अवस्था हेरेर उहाँले सो अभिव्यक्ति दिनु भएको छ । उहाँलाई लागेको छ, अहिले फलाम तातेको छ । तातेको बेला एक दुई चोट हानेर हेरौं । चम्चा बनि हाल्यो भने ठिकै छ नभए खेत खन्न काम लागि हाल्छ ।'

**संघीयताप्रति कतिको जोखिम देख्नु भएको छ ?**

जोखिम त छ । तपाईले नेपालको इतिहास हेर्नुभयो भने सन् १९५१ पछि  सन् १९५८ को चुनावसम्म राजाले जसरी छानीछानी प्रधानमन्त्री बनाउनु हुन्थ्यो । यो प्रजातन्त्र नहुने रहेछ भन्ने कुराको त १० वर्षसम्म कोशिस भएको थियो । त्यसैले तत्कालका लागि प्रजातन्त्र भए पनि केही दिनभित्रै त्यसलाई फाल्न राजालाई सजिलो भयो । त्यस्तै यस्तै किसिमको कोकोहोलो हुँदै गए भने अहिलेको संघीयता मन नपराउनेहरुलाई संघीयता फाल्न सजिलो हुन्छ । एउटा कुरा के बिर्सिनु हुन्न भने जे मतदाताले अहिलेको सांसदहरुलाई सांसद बनाएको छ, प्रदेशको सांसदलाई तिनै मतदाताले बनाएका हुन् । प्रदेशको पनि विधायका हो । यदि संघीयतालाई खारेज गर्ने वतावरण बनाउन प्रदेशको सांसदले त्यो भन्दा क्रान्तकारी निर्णय गर्ने हो भने नेपालको राजनीतिक अवस्था कस्तो होला । अहिले न ६ वटा प्रदेशमा बर्चस्ववादीहरुको सरकार छ, मधेश प्रदेश मात्र फरक देखिएको छ । तर सधै यस्तो रहदैन । त्यसैले यसलाई धेरै गम्भिरतापूर्वक लिनुको जरुरी छैन ।

**यस्तो गेमहरु भइरह्यो भने सरकार टिकाउन कतिको गाह्रो हुन्छ जस्तो लाग्छ तपाईलाई ?**

सरकारमा टिकि राख्नका लागि धेरैको कुरा मिलाउनुपर्ने हुन्छ । पुँजीपतिको दबाव नाफा बढाउनेतिर हुन्छ । जनताको दबाव मूल्य समान्य राख्नेमा हुन्छ । आन्तरिक दवाव कसे हुन्छ भने एउटाको कुरा सुन्ना साथ अर्कोले खेदो खन्न थालि हाल्छन् । कमजोरी नभएको कोही पनि हुँदैन । अन्तराष्ट्रिय दवाव कस्तो हुन्छ भने नेपालका प्रधानमन्त्रीले चीनको कुरा नसुन्ने हो भने नेपालमा गाह्रो छ । चीन हाम्रो छिमेकी राष्ट्र हो, शक्तिशाली देश हो, त्यसको कुरा सुन्नेपर्ने हुन्छ । चीनको कुरा गर्ने हो भने भारतले ल हाम्रो छिमेकी भएर चीनको कुरा गर्ने, हामी हौं नजिकको छिमकी भन्छन् । कुरा त सही हो । अमेरिकाको कुरा आफ्नो होला । अमेरिकालाई लाग्न सक्छ कि हामी नै तिमीहरुको प्रश्रय दाता । त्यसैले प्रधानमन्त्री पदमा रही रहन निकै गाह्रो छ । अहिलेको प्रधानमन्त्रीको समस्या के भयो भने तेस्रो दल भएर प्रधानमन्त्रीको कुर्सीमा हुनुहुन्छ । त्यही भएर धेरैजसो समय पदमा कसरी टिकि रहने भनेमा चिन्ता हुन्छ । उहाँले आफू प्रधानमन्त्रीमा कसरी टिकि राख्ने भनि सम्पूर्ण ध्यान त्यसैमा दिनुभएको छ । त्यसबाहेक अरुतिर केही ध्यान दिनुभएको छ जस्तो लाग्दैन ।

**संघीयता टिकाउनका लागि मधेशवादी दलको भूमिका कस्तो पाउनु भएको छ ?**

अहिले नेपालमा मधेशवादी दल नै छैन । वृषेशचन्द्र लालले गठन गर्नुभएको तराई मधेश लोकतान्त्रिक पार्टीबाहेक कुनै पनि मधेशी दलको नाममा मधेश भने शब्द नै बाँकी रहेन । अहिले गएको ६ महिना देशमा यत्रा ठूला ठूला मुद्दा बाहिर आएका छन् तर कहिले महन्थ ठाकुर बोल्नु भएको सुन्नुभएको छ, कहिले उपेन्द्र यादव बोल्नु भएको सुन्नु भएको छ, राजेन्द्र महतोले केही बोल्नु भएको सुन्नु भएको छ ? सब चुपचाप छन् । तर मसला सकिएको सलाईको काँठीहरु फ्यालिए पनि बट्टा नै खाली भएको छ भनि म मान्न तयार छैन । सिके राउतको पार्टीले त मत ल्यायो तर के ले ल्यायो भने विचारधारा परित्याग गरेर मत ल्यायो, त्यसैले अहिले सिके राउत पनि विकल्प होइन । मधेश अहिले पनि गञ्जागोलमा छ । त्यहाँबाट के निस्किन्छ भने अहिले भन्ने अवस्था छैन । तर तत्कालै केही नभए पनि भित्रभित्रै व्यापक असन्तुष्टि र चलायमान छ ।

**पछिल्लो समय जुन नयाँ दलहरु उदाएका छन् त्यसबाट तपाई कति आशावादी हुनुहुन्छ ?**

अहिले मूल्यांकन गर्ने बेला भएको छैन । तर मूल्यांकन गर्ने बेला भएको छैन भन्दैमा जानुछ पशुपतिनाथ बस समातियो गोदावरीको भने त्यहाँ पुग्न सकिदैन, त्यसको त्यसरी नै मूल्यांकन हुन्छ । राजनीतिक दलको यात्रा लामो हुन्छ । नयाँ भनिएका दलहरुसँग मेरो असन्तुष्टि के हो भने कुनैसँग वैचारिक स्पष्टता छैन । वैचारिक स्पष्टा नभएपछि त्यो दलमा जतिसुकै क्षमतावान व्यक्ति भएपछि पनि त्यो क्षमतावान व्यक्तिहरुको झुण्ड भएर जान्छ । कुनै प्राइभेट कम्पनीमा जतिसुकै गतिलो सेयर धनी भए पनि त्यो नाफाका लागि मात्र काम गर्छन् । गैर सरकारी संस्थामा उद्देश्य राम्रो छ, क्षमतावान मान्छे छन्, त्यसले केही परिवर्तन गर्लान् तर रुपान्तरण गर्न सक्दैनन् । रुपान्तरणका लागि वैचारिक क्षमता बहुत जरुरी हुन्छ । अहिले पुरानो दल पनि स्खलित हुँदै जानुको कारण के हो भने त्यसको वैचारिक आधार कमजोर हुँदै गयो । खडगप्रसाद शर्मा ओलीलाई मार्क्सवाद लेलिनवादसँग गोरु बेचेको कुरा छोड दिउ, गोरु मोलमेलाईको साइनो पनि छैन । पुष्पकमल दाहालमा कही कतैबाट पनि केही पनि मिल्दो जुल्दो छैन । समाजवाद र बीपी कोइरालाको विचारधारा शेरबहादुर देउवासँग केही कतै पनि मिल्दैन । त्यसैले नयाँ दलसँग अहिले नै अपेक्षा गर्ने अवस्था म त देख्दिन ।

**नेपालको राजनीतिक दल र नेता विदेशी शक्तिप्रति निकै आश्रित भएको पाइन्छ त्यस्तो किन ?**

पहिलो कुरा त ती नेता र दलहरुलाई आत्मविश्वास छैन । आन्तरिक अवस्था अन्योलपूर्ण रहेको छ । यो हाम्रो मात्र अवस्था होइन, विदशेमा जहाँ पनि बाहिरी सहारा खोज्ने गरिन्छ । तर डरलाग्दो कुरा के हो भने बाहिर हस्तक्षेपकारीको बिचमा नै प्रतिस्पर्धा हुन थाले भने अनि द्वन्द सृजना हुन्छ । म जहिले पनि भन्छु, हामीसँग तीनटा छिमेकी छन्, दुईटा भूइमा र एउटा आकाशमा । आकाश भनेको अमेरिका र भूइमा भनेको चीन र भारत । अहिले भारत र अमेरिका एक ठाउँमा छन् । कुनै बेला चीन र भारत थिए । दुईटा एक ठाउँमा भएपछि तेस्रो ठाडै प्रतिस्पर्धा गर्न आउँदैन । एउटा अलिकति तटस्था देखायो भने प्रतिस्पर्धा हुन्छ । प्रतिस्पर्धाकै चरणमा नपुगि सकेको हुनाले जति नै अनुदारवादी बढ्दै गए पनि जस्तो कि हाम्रो अभिव्यक्तिको स्वतन्त्रता पुरै समाप्त भएको छैन, प्रहरी राज्यको अवस्था आएको छैन । धर्मको अवस्थामा हामी पुगि सकेका छैनौं । जब कुनै बाहिर शक्ति प्रतिरक्षात्मक भइदिन्छन् त्यसपछि उ आक्रामक भएर आइदिन्छन् । त्यसपछि अवस्था निकै कठिन हुन जान्छ ।

मध्यपृष्ठ



# समाजका लागि ल

- रिता दासको कुरा सुनेर सबै महिला आन्दोलनका लागि तयार भए । आन्दोलनको नेतृत्व रिता दासले गर्नुभएको थियो । नारा लगाउँदै जुलुस लिएर सबै महिला अपहरणकारी दिनेश यादवको घरमा गएर ढुगांमुढा गर्न थाले, दोषीलाई कारवाही हुनुपर्छ भनि माग गर्न थाले ।
- रिता दासको माइती सिरहाकै औरही गाउँपालिका वडा नम्बर ५ औरहीमा पर्छ । बुवा रामस्वरुप दास र आमा तुलफी देवी दासका जेठी छोरी रिता दास बाल्यकालमा निकै सोझी र सरल स्वभावका हुनुहुन्थ्यो ।
- २०५४ सालमा दहिपौडीका सुशिल दाससँग विहे भयो । सुशिल दास एसएलसी पास गर्नुभएको थियो । तर जागिरको कुनै उपाय नलागेको ज्यामीको काम सुरु गर्नुभएको थियो । उता, श्रीमानको घरमा गएपछि रिता दासले पढाईलाई निरन्तरता दिन सक्नुभएन ।

कुरा २०७२ भुँइचालो गएको बेलाको हो । काठमाडौँमा गएको भुँइचालोको महसुस तराई मधेशतिर गरिएको थिएन तर महावीर भण्डारीको परिवारमा गएको भूँइचालो सायद सबैभन्दा पिडादायी थियो ।

सिरहा सुखिपुर नगरपालिका दहिपौडीका महावीर भण्डारी (माली) को छोरालाई अपहरण गरी अपहरणकारीले मारेर त्यहीको मोहनपुर गाउँमा गाडेको अवस्थामा फेला परेको थियो । गाडिएको लाश गन्हाउन थालिए पछि स्थानीयले थाह पाएर त्यसलाई उखाल्दा त लाश महावीर भण्डारी छोराको रहेको छ भनि सबैले थाह पाएका थिए ।

त्यसपछि यो कसले अपहरण गरे, किन अपहरण गरे सबै कुरा विस्तारै बाहिर आए तर त्यसको विरुद्धमा बोल्ने कोही तयार भएन । मोहनपुरबाट लाश महावीर भण्डारीको घरमा आइसकेको थियो । लाशलाई जलाउने तयारी चलिरहेको थियो । प्रहरी पनि आइ सकेको थियो तर दोषीलाई समात्नुपर्छ, दोषीको विरोध हुनुपर्छ भनि कसैले आँट गरेको थिएन कारण थियो यादव जाती ।

त्यहाँ यादव जातको बाहुल्य रहेको कारणले अन्य जातका व्यक्तिमध्ये कोही बोल्ने प्रयास गरेन, यादव समुदायले झन बोल्ने कुरा नै आएन । यी सबै कुरा एक जना बुहारी रिता दासको मनमा खेलिरहेका थिए जो जातले तत्मा हुनुहुन्छ । उहाँले आज यसको विरोधमा बोलिएन भने यस्ता थुप्रै घटना दवाउने प्रयास हुनसक्छ र दोषीको मनोबल बढ्न सक्छ । त्यसपछि उहाँले त्यस वरपर रहेका महिलालाई भेला गरी आज महावीर मालीको घरमा यस्तो घटना भएको छ, भोली तपाई हाम्रो घरमा पनि हुनसक्छ, त्यसैले आज हामी बोलिएनौ भने अपराधीको मनोवल झन बढ्छ र हाम्रो समाजमा अपराधका घटना बढ्नसक्छ भनि भन्नुभएको थियो ।

**आन्दोलनको नेतृत्व**

रिता दासको कुरा सुनेर सबै महिला आन्दोलनका लागि तयार भए । आन्दोलनको नेतृत्व रिता दासले गर्नुभएको थियो । नारा लगाउँदै जुलुस लिएर सबै महिला अपहरणकारी दिनेश यादवको घरमा गएर ढुगांमुढा गर्न थाले, दोषीलाई कारवाही हुनुपर्छ भनि माग गर्न थाले ।

पुरै गाउँभर हल्ला भयो रिता दासले दिनेशको घरमा आन्दोलनकारी लिएर जानुभएको छ रे । प्रहरी परिचालन भयो । आन्दोलनमाथि प्रहरीको हस्तक्षेप भयो । त्यतिबेलासम्म आन्दोलन गाउँभर फैलि सकेको थियो । आन्दोलनको दबावमा नै प्रहरीले दिनेश यादवलाई समात्न सफल भयो । त्यो दिनेश यादव अझै जेलमा छन् ।

हो, त्यही बेलादेखि रिता दासलाई सबैले चिन्न थाले । समाजले उहाँले अगुवा नेताको रुपमा स्विकार गर्न थाल्यो । त्यसपछि त गाउँमा हुने कुनै पनि झैझगडा तथा अन्यायका कुरामा रिता दासको अगुवाई हुन्थ्यो । केही समस्या हुँदा रिता दासलाई गुहार्न आउनेहरु पनि देखिन थाले । समाजको बेथितीको बारेमा बोल्न थालेपछि आफ्नो गाउँको मात्र होइन, अन्य गाउँका मान्छेले पनि रिता दासलाई चिन्न थाले जब कि उहाँ घरको बुहारी भएर घुँघटोमा बस्नु पर्थ्यो ।

हाल रिता दास एमाले पार्टीमा रहेर राजनीति गतिविधिमा सक्रिय हुनुको साथै समाजिक काममा पनि त्यतिकै सक्रिय हुनुहुन्छ ।

**को हुनुहुन्छ रिता दास**

रिता दासको माइती सिरहाकै औरही गाउँपालिका वडा नम्बर ५ औरहीमा पर्छ । बुवा रामस्वरुप दास र आमा तुलफी देवी दासका जेठी छोरी रिता दास बाल्यकालमा निकै सोझी र सरल स्वभावका हुनुहुन्थ्यो । कसैले बोलाए भने मात्र बोल्ने, अरुसँग कुनै मतलब नराख्ने, सिर्फ पढाई र घरको कामबाहेक अरु कुरासँग मतलब नराख्ने उनी गाउँकै श्रीसुन्दर जनता माध्यमिक विद्यालय औरहीमा कक्षा-८ सम्म पढ्नु भएको हो ।

माइतीमा चुपचाप रहनु भएको रिता श्रीमानको घर गएपछि किन क्रान्तकारी भएर निस्किनु भयो त ? कारण थियो, घरकी जेठी छोरी भएको कारणले आमा-बुवाले औधी माया गर्नुहुन्थ्यो, घरबाट कतै बाहिर निस्किन दिनुहुन्थेन । तराई मधेशमा छोरी, चेलेबेटीलाई घरमै राख्ने बाहिर हिडडुल गर्न नदिने अवस्था छ । अहिले त्यसमा केही सुधार भएको छ तर रिता दासको समयमा अलि कडा नै थियो । त्यही भएर उहाँभित्र भएको क्षमता बाहिर आइरहेको थिएन ।

तर श्रीमानको घरमा गएपछि उहाँ पूर्णरुपमा स्वतन्त्र हुनुभयो । श्रीमानले बाहिर आउजाउ गर्न छुट दिनुभयो । समाजमा मिसिन उहाँलाई इजाजत दिनुभएको थियो ।

जतिबेला रिता दासले स्कूलमा पढिरहनु भएको थियो, त्यतिबेला उहाँका बुवा रामस्वरुप हेटौडा कपडा उद्योगमा जागिरे हुनुहुन्थ्यो । जागिरमा हुँदा घर ठिकठाक चलिरहेको थियो । तर उद्योग बन्द भएको कारण जागिरबाट हटेपछि रिताको घरमा अभावको दिन सुरु भएको थियो । रिताका ठूलो बुवाका छोराछोरीको विहे पनि गर्नु थियो । सबै खर्च घरको अभिभावक भएको नाताले रामस्वरुपले नै ब्यहोर्नुभयो । त्यसले घरको आर्थिक अवस्था झन खराब भयो ।

यता, छोराछोरीलाई पढाउन तथा घर व्यवहार चलाउनका लागि रामस्वरुपलाई गाह्रो हुन थाल्यो । त्यसकै लागि भए पनि विदेश जाने मनस्थिति बनाउनुभयो । विदेश जानुअघि रामस्वरुपले आफ्नो छोरी रिता दासको विहे गर्दिनुभयो । त्यतिबेला रिता दास १४ वर्षको हुनुहुन्थ्यो र कक्षा-८ मा अध्ययनरत हुनुहुन्थ्यो । पढाई लेखाई राम्रै थियो । तर विहे भएको कारणले रिता दास बाध्य भएर त्यो पढाई छाड्नु भयो ।

**विवाह**

२०५४ सालमा दहिपौडीका सुशिल दाससँग विहे भयो । सुशिल दास एसएलसी पास गर्नुभएको थियो । तर जागिरको कुनै उपाय नलागेको ज्यामीको काम सुरु गर्नुभएको थियो । उता, श्रीमानको घरमा गएपछि रिता दासले पढाईलाई निरन्तरता दिन सक्नुभएन । पढाई गर्ने इच्छा रिता दासको थियो तर घरको अवस्था हेर्दा र सासु ससुराको कुरा सुनेर उहाँले पढाइको कुराको मनबाट नै निकाल्दिनुभयो । सासु ससुराले बुहारी किन पढ्नु पर्‍यो, पढेर के हुन्छ, पढेर नोकरी हुँदैन भने त्यो पढाई किन पढ्नु पर्‍यो भन्दै रिता दासलाई पढ्नबाट रोक्नु भएको थियो तर उहाँका श्रीमानले रिता दासलाई पढाउन चाहनु भएको थियो । तराई मधेशका समाजले हतपत छोरीलाई पढाउन चाहदैन, बुहारीलाई पढाउने कहाँ हो कहाँ ।

रिता दासको श्रीमानको आर्थिक अवस्था पनि राम्रो थिएन । श्रीमान सुशिल ज्यामीको काम गर्नुहुन्थ्यो । त्यसले घरपरिवार चल्थ्यो त्यसमा पढ्ने कुरा आउँदैन्थ्यो । त्यसमा पनि उहाँका सासु आमा र ससुराले पढ्न त के घरबाट निस्कन इजाजत दिइरहनु भएको थिएन । तर श्रीमान सुशिलको तर्फबाट कुनै प्रकारको रोकटोक थिएन । सुशिलले बेलाबेलामा रितालाई थप पढ्नका लागि प्रात्साहित गर्नुहुन्थ्यो । तर रिता दासका लागि घरबाट निस्किने वतावरण नै थिएन । घरको अवस्था हेरेर पढ्ने आँट नै उहाँले गर्नुभएन ।

रिता दासको एउटा छोरी भयो । घरको खर्च बढ्यो । सुशिलले गरेको ज्यामीको कामले घर खर्च पनि पुगिरहेको थिएन । त्यसपछि सुशिल पनि विदेश जाने मन मनाउनुभयो । सुशिल विदेश जानुभयो । त्यसपछि रिता दासले घर व्यवहार सम्हाल्नुभयो । छोरीलाई हुर्काउनु घरको काम गर्नुबाहेक उहाँको कहि आनाजाना थिएन । यहाँसम्म कि बाहिरका मान्छेसँग बोलचाल पनि थिएन ।

रिता दास भन्नुहुन्छ, 'मालिक साहब' (श्रीमान) विदेश जानु भएपछि मलाई पढ्नका लागि निकै भन्नुभयो, म कमाएर तिमी र छोरीलाई समेत पढाउँछु तिमी पढ् पटक पटक भन्नुहुन्थ्यो तर सम्भव थिएन छोरालाई पढाउनु कि आफू पढ्नु कि घरव्यवहार हेर्नु मैले पढिनन् तर आज पश्चाताप भइरहेको छ पढाईको कति महत्व रहेको छ भने कुरा बल्ल बुझ्न थालेको छु ।'

**सहकारीमा सहकार्य**

गाउँमा आएको जय माता बचत तथा ऋण सहकारीको सदस्य हुनुभयो

# ाङ्न सिकाउने रिता दास




उहाँ । महिनाको १० रुपियाँ त्यस सहकारीमा राख्नुहुन्थ्यो । सहकारीले कहिले काही गाउँघरमा बैठक राख्दा त्यसमा उहाँ सहभागी हुन जानु हुन्थ्यो उहाँ । त्यहाँ रिता दासको सहभागिता, बोल्ने तरिका, सम्झाउने तरिका सहकारीका प्रतिनिधिलाई निकै मन परेको थियो । सबै महिला भन्दा उहाँको व्यवहार फरक थियो । अरु महिला भन्दा पढाई पनि राम्रै हुनुहुन्थ्यो उहाँ ।

रिताको दासको त्यो सक्रियता देखेर सहकारीमार्फत केही थप काम दिउँ कि जस्तो पनि भएको थियो तर सहकारीको प्रतिनिधिले उहाँलाई सिधै सोध्ने आँट गरेनन् । रिता दास भन्नुहुन्छ, 'संजय सर (सहकारी प्रतिनिधि)ले गाउँकै एक जना ओझाइन काकीसँग सोध्नुभयो कि रिता दासलाई सहकारीको कार्यक्रमहरुमा लग्दा हुन्छ ।' ओझाइनले हुन्छ उहाँका श्रीमानलाई सोधेर लाग्दा हुन्छ । त्यसपछि सहकारीका प्रतनिधिले रिता दाससँग कुरा गरेका थिए, अनि रिताले आफ्नो श्रीमानलाई सहकारीको प्रस्ताव बारेमा सोध्नुभएको थियो । श्रीमान सुशिलले हुन्छ, जानु भन्नुभएको थियो ।

त्यसपछि रिता दास घरबाट निस्कन थाल्नुभएको थियो । सहकारीले गर्ने कार्यक्रममा उहाँ सहभागी हुन जानु हुन्थ्यो । समाजिक कामहरुमा पनि जान आउन थाल्नुभयो ।

**प्रौढ कक्षा**

सहकारीले दहिपौडीमा प्रौढ कक्षा सञ्चालन गरेको थियो । त्यसमा शिक्षकको रुपमा रिता दासलाई राख्यो । आफ्नै टोलमा हरेक साँझ डेढ दुई घण्टा महिलाहरुलाई पढाउनु हुन्थ्यो । त्यसबापत सहकारीले उहाँलाई एक हजारको महिना दिएको थियो । त्यो निकै कम हो तर रिता दास त्यसमै खुशी हुनुहुन्थ्यो ।

उहाँ भन्नुहुन्छ, 'अहिलेको जमानामा त्यो एक हजारले के नै हुन्छ तर मेरो लागि त्यो धेरै थियो, मेरो लागि निकै खुशीको कुरा पनि थियो किनभने म बाहिर निस्किन पाएको छु, महिलाहरुलाई पढाउन पाएको छु, सहकारीले ममाथि विश्वास गरेको छ, आज एक हजार दिएको छ भने भोली दश हजार दिनसक्छ ।'

प्रोढ कक्षामा उहाँले लगातार डेढ वर्ष पढाउनुभयो । प्रौढ बन्द भएपछि पनि सहकारीको सदस्य भएको कारणले त्यसका विभिन्न कार्यक्रम तथा गतिविधिमा उहाँ सहभागि हुँदै आउनु भएको छ । त्यसबाहेक उहाँ दलितको उत्थान, समाजका अन्य गतिविधिहरु पनि विस्तारै विस्तारै संलग्न हुन थाल्नुभयो ।

त्यही संक्रियताको कारण गाउँमा एउटा सडक निर्माणको काम आएको थियो । त्यहाँको सुपरभाइजरमा रिता दासलाई राखिएको थियो । त्यो काम रिता दासले होइन, सडककै ठेकदारले खोज्दै दिएको हो । रिता दासको सक्रियता र उहाँको बौद्धिकता देखेर सडक निर्माण गर्ने ठेकेदारले रिता दासलाई बोलाएर काम गर्नुहुन्छ भनि सोध्नु भएको थियो ।

रिता दासले पाए भनि गर्छु भन्नुभएको थियो । त्यसपछि त्यो सडक निर्माण कार्यको रेखदेखका लागि उहाँलाई राखिएको थियो । एक वर्ष जति त्यहाँ उहाँले काम गर्नुभयो । त्यहाँ उहाँले राम्रै पैसा कमाउनु भएको थियो । उहाँ भन्नुहुन्छ, 'म सहकारीमा प्रवेश गरेपछि एक हजारको महिनामा काम गर्न तयार नभएको भए सायद त्यो सडक निर्माणमा मलाई काम दिदैन्थ्यो म आफ्नो क्षमताले त्यो काम पाएको थिए ।'

**राजनीति**

उहाँका एक जना छिमेकी देवनारायण यादव जो एमालेका कार्यकर्ता हुनुहुन्थ्यो । रिता दासको क्रियाशिलता देखेर पार्टीका गतिविधिमा संलग्न गराउन थाल्नुभयो । रिता दास पनि पार्टीका कार्यक्रमहरुमा जान थाल्नुभयो ।  २०६० देखि उहाँ एमाले पार्टीमा सक्रिय भएर लाग्नुभयो ।

श्रीमानले पनि उहाँलाई यसमा सहयोग गर्नु थाल्नुभयो । श्रीमानले कहि कतै आउजाउँका लागि रोकटोक गर्नुभएन । रिता दास भन्नुहुन्छ,



'म आज जे छु श्रीमानै कारण छु, ममाथि मेरो श्रीमानले मात्र होइन मेरो बुवाले पनि गर्व गर्न थाल्नुभएको छ । मेरो बुवाले छोरी यतिका होसियार छिन् भनि थाह पाएको भए म सुरुदेखि नै बाहिर जान आउन दिन्थे भन्नुहुन्छ ।'

रामस्वरुपले छोरी रिता दासलाई छोरा जस्तो माया गर्नुहुन्थ्यो । जेठी छोरी भएको कारणले पढाउन लेखाउनमा कुनै कसर बाँकी राख्नु भएन तर घरबाट कतै बाहिर जान दिनुहुन्थेन । समाजको नजरबाट जहिले पनि बचाएर राख्नुहुन्थ्यो । तर घरको आर्थिक अवस्था कमजोर भएको कारणले रामस्वरुपले छोरी रिता दासलाई १४ वर्षकै उमेरमा विहे गरेर पठाई दिनु भएको थियो ।  तर भनिन्छ नि क्षमता छ भने ढुगांलाई फोडेर पनि रुख उम्रिन्छ । त्यस्तै भयो रिता दासका हकमा । उनी श्रीमानको घरमो आएपछि अलिकति स्वतन्त्रता पाउनुभयो । बाहिर विभिन्न व्यक्तिसँग संगत गर्नुभयो । र, समाजमा उहाँले छुट्टै पहिचान बनाउनुभयो । त्यही पहिचानका कारणले उहाँले महावीर भण्डारीलाई न्याय दिलाउन सफल हुनुभयो ।

विहे गरेर गएपछि सबैले उहाँलाई औरहीबाली भनेर बोलाउनु हुन्थ्यो तर जब उहाँ समाजमा सक्रिय हुनुभयो अनि उहाँलाई उहाँकै नाम रिता दासको नामबाट बोलाउन थाल्नुभयो । दहिपौडीमा सबैले उहाँलाई रिता दासको नामले चिन्न थाले । २०७२ सालमा उहाँले एमाले पार्टीको सदस्यता लिनुभयो । उहाँ अहिले सुखिपुर नगरपालिका समितिको उपसचिव र नेपाल उत्पीडित मुक्ति समाज मधेश प्रदेशको सचिवाल सदस्य पदमा हुनुहुन्छ ।

**वडा सदस्य**

२०७४ को स्थानीय चुनावमा उहाँ सुखिपुर नगरपालिका वडा नम्बर १० को वडा सदस्यमा चुनाव लड्नु भएको थियो । ७७४ मत ल्याएर उहाँ वडा सदस्यमा चुनाव जित्नु भएको थियो । वडा सदस्यको रुपमा उहाँले आफ्नो वडामा राम्रो काम गरेको दावी गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'म एउटा वडा सदस्य मात्र थिए तर काम वडा अध्यक्ष जतिको गरे, त्यो मैले होइन, त्यहाँको जनताले मूल्यांकन गरिरहेको छ ।'

पाँच वर्षसम्म जनताको काममा आफूलाई पूर्णरुपमा समर्पित गर्नुभएका रिता दासले २०७९ को स्थानीय तह चुनावमा पुनः सोही पदमा उम्मेदारी दिनुभएको थियो तर उहाँ ३० भोटले चुनाव हार्नुभयो । रिता दास चुनाव हार्नुभयो तर हिम्मत हार्नुभएको छैन । उहाँ भन्नुहुन्छ, 'म चुनाव हारेको छु जस्तो मलाई लागि रहेको छैन, जनताले त्यही माया मलाई गर्नुहुन्छ, जनताको दुखसुखमा साथ दिइरहेको छु, जनताको लागि २४ घण्टा तयारी अवस्थामा हुन्छु ।'

चुनाव हारेपछि एमाले पार्टीले उहाँलाई प्रदेश सभाको चुनावमा प्रदेश सभातर्फ समानुपातिकमा नाम राखेको थियो । तर उहाँ वरियाताक्रममा पर्नुभएन । उहाँ पार्टीमा झन सक्रि हुनुभएको छ । उहाँ भन्नुहुन्छ, ' अब राजनीति छाड्न सकिदैन, यत्रो लगानी गरिसकेपछि अब छाड्ने कुरा हुँदैन, देश र जनताको सेवा जति दिन गर्न सकिन्छ गरिरहन्छु श्रीमानले पनि अब राजनीति नछोड्नु भन्नुभएको छ ।' चुनाव हारे पनि निर्वाचन आयोगमा दुई लाख जरिवाना बुझाउनु भएको छ । चुनावमा भएको खर्च विवरण समयमा नबुझाउँदा सो जरिवाना बुझाउनु परेको थियो । त्यो जरिवाना रकम पनि उहाँले ब्याजमा लिएर बुझाउनु भयो । त्यसमा पनि उहाँलाई चिन्ता छैन । उहाँ भन्नुहुन्छ, 'समाजका लागि म जे गर्न पनि तयार छु ।'

**छोराछोरी**

रिता दासको दुई जना छोरी र एक जना छोरा छन । जेठी छोरी शिवानी दास एच.ए.सम्म अध्ययन गर्नुभएको छ । उहाँको विहे भइसकेको छ । शिवानीको श्रीमान भारतमा इन्जिनियर हुनुहुन्छ । उहाँ पनि त्यही श्रीमानसँग बस्नुहुन्छ । छोरा अविनाश दास १९ वर्षका हुन् । उनी विराटनगरमा कमर्श पढी रहेका छन् । छोरी किरण दास अहिले कक्षा ८ मा पढी रहेकी छिन् ।

# नेपाल-भारतको इपीजी प्रतिवेदन कसले बेचे चाइनिजलाई ?

नेपाल भारत प्रवुद्ध समूह (इपीजी) प्रतिवेदन तयार भएको पाँच वर्षभन्दा बढी भइसक्यो तर अझै त्यो सार्वजनिक भएको छैन । अब त त्यसको सोधखोज गर्न पनि छाडि सकेको छ । इपीजी प्रतिवेदनको बारेमा न भारतले चासो लिएको छ न नेपालले नै ।

२०७५ आसर १६ गते बसेको इपीजीको बैठकले अन्तिम त्यसलाई अन्तिम रुप दिइ एक महिनाभित्र भारत र नेपालका प्रधानमन्त्रीलाई बुझाउने निर्णय भएको थियो । त्यो निर्णय गरेको पनि पाँच वर्ष भइसकेको छ तर त्यो कहाँ छ कुन अवस्थामा छ, कस्तो छ, कसैलाई थाह छैन । तर प्रतिवेदन तयार हुने बित्तिकै चिनियाँ सरकारको हातमा पुग्यो ।

नेपाल-भारतको विज्ञ समूहले तयार पारेको प्रतिवेदन दुवै देशका प्रमुख वा अन्य सरोकारबालाको हातमा पुगेको छैन चाइनिज सरकारको हातमा पुगि सकेको छ । इपीजी समूहमा आवद्ध कुनै व्यक्तिले चाइनिजलाई दिएको छ । त्यो प्रतिवेदनको बारेमा चीनका रक्षा मन्तीले भारतका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालसँग चर्चा गर्नुभएको थियो । डेनमार्कका पूर्व राजदूत एवं विदेश मामिलाका जानकार विजयकान्त कर्णले चिनियाँ रक्षामन्त्री जब भारतका राष्ट्रिय सुरक्षा सल्लाहकारसँग प्रतिवेदनको बारेमा कुरा गर्नुभयो तब सबै कुरा बिग्रेको हो ।'

यो प्रतिवेदनमा पक्कै पनि कतै नकतै चीनको दिमाग लागेको हुनुपर्छ । त्यहीं सोचेृर भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले त्यो प्रतिवेदन बुझ्न इन्कार गरेको पूर्व राजदूत कर्णले बताउनुभयो । त्यो प्रतिवेदन नेपालको तर्फबाट पक्कै पनि कसैले नकसैले चीनको हातबाट बेचेको हुनुपर्छ । त्यसो त एकपटक एमालेका नेता एर्व इपीजीका सदस्य राजन भट्टराइको बारेमा समाचार पनि आएको थियो ।

इपीजीमा हुँदाहुँदै चीनबाट आर्थिक सहयोग लिएर कार्यक्रम चलाएको भनि समाचार आएको थियो । राजन भट्टराईले नै सो प्रतिवेदन चीनलाई दिएको आशंका धेरैबाट भएको छ तर यो कुराको पुष्टि अझै भएको छैन ।

इपिजीले नयाँ सन्धिबाट सन् १९५० को असमान सन्धि प्रतिस्थापन गर्नुपर्ने सुझाव दिएको छ । तर त्यसमा भारतभन्दा नेपालप्रति बढी झुकाव राखेको छ । यो प्रतिवेदन कार्यान्वयनमा आएपछि नेपाल र भारतबीचको सम्बन्धमा कहिल्यै चिसोपन नआउने दावी गरिएको छ । स्रोतका अनुसार तत्कालिन भारतीय विदेश मन्त्री सुष्मा स्वराजले कोसियारीलाई बोलाएर तपाई भारतको मान्छे हो कि नेपालको, तपाईले भारतको हित सोच्ने हो कि नेपालको भन्दै निकै झपार्नुभएको थियो ।

प्रतिवेदनमा नेपालमा बस्ने भारतीयलाई दिइने सुविधाको बारेमा खासै केही बोलेको छैन भने भारतमा बस्ने नेपालीका लागि सुविधाहरुको बारेमा चर्चा गरिएको छ । एक अर्काको देशमा लामो समय बस्ने नेपाली तथा भारतीयलाई सन्धी अनुसार के के सुविधा दिने विषयमा पनि छलफल भएको रहेछ ।

त्यस्तै नेपाल-भारतको बोर्डरलाई नियमन तथा अनुगमन गर्नेमा भारत तयार छ तर नेपालले परिचयपत्र अथवा पासपोर्ट नै लागु गर्नुपर्ने भनेको छ तर भारतले सीमा बन्द गर्न चाहँदैन । सीमा बन्द भयो भने नेपाल-भारतबीच रहेको सदियौंको सम्बन्धमा असर पर्ने कुरा भारत बुझेको छ । त्यसैले सीमा नियमन गर्ने तर पासपोर्ट अथवा परिचयपत्र लागु नगर्ने पक्षमा भारत रहेको छ ।

नेपाल र भारतबिच पारस्परिक सम्मान र समानताका आधारमा सम्बन्ध स्थापित गर्न सन् १९५० को शान्ति तथा मैत्रीसन्धी बाधक देखिएको कुरा प्रतिवेदनमा उल्लेख गरिएको स्रोतले जनाएको छ । नेपालमा कायम रहेको विवादलाई सदाका लागि मत्थर पार्न सन् १९५० को सन्धि पुनरावलोकन मात्रै नभई प्रतिस्थापन गर्नुपर्ने नेपाली पक्षको प्रस्ताव रहेको छ ।

इपिजीलाई सन् १९५० को नेपाल-भारत शान्ति तथा मैत्री सन्धि सहितका असमान सन्धिसम्झौता पुनरावलोकन तथा दुईपक्षीय विवादित विषयमा अध्ययन गरी सुझाव दिन कार्यादेश तोकिएको थियो । नेपालका प्रधानमन्त्री केपी शर्मा ओली इपीजीको प्रतिवेदन बुझ्न आतुर रहेका छन् तर भारतीय प्रधानमन्त्री मोदीले प्रतिवेदन नबुझेसम्म उनले पनि नबुझ्ने भनि प्रतिक्षामा बसेका छन् ।

नेपाल भारतबीच भएको कुटनीतिक सम्बन्धको ६९ वर्षपछि पहिलो पटक नेपाल र भारत विज्ञ समुह गठन भएको थियो । नेपालले सन् १९४७ जुन १३ का दिन भारतसँग कूटनीतिक सम्बन्ध जोडेको थियो । सन् १९५० को नेपाल-भारत शान्ति तथा मैत्री सन्धि नेपालभित्र सधैं विवादित रह्यो । प्रमुख राजनीतिक दलले यसलाई राजनीति गर्ने बलियो हतियारको रूपमा प्रयोग गरे । विपक्षमा हुँदा सधैं १९५० को सन्धि खारेज गर्नुपर्ने अडान राख्ने, सरकारमा गएपछि तैं चुप मै चुप ।

२०७२ माघ १४ गते प्रबुद्ध व्यक्ति समूह गठन गरेको थियो । नेपालको समूहले मे महिनामा काठमाडौंमा पहिलो संयुक्त बैठक बस्ने भनी पत्राचार गरेको थियो तर भारतीय पक्षले त्यसलाई अस्वीकार गरेको थियो । दुई देशबीचको सम्बन्धमा विस्तारै सुधार हुँदै आएपछि समूहको पहिलो बैठक २०७३ असार २० र २१ गते काठमाडौंमा बसेको थियो ।

डा बाबुराम भट्टराई प्रधानमन्त्रीको रुपमा २०६८ कात्तिक ३ गते भारत भ्रमणमा जाँदा सन् १९५० को सन्धिलगायतका विषयमा हेरफेर वा पुनरावलोकनका विषयमा छलफल गर्न इपीजी गठनका लागि दुई देशबीचमा सहमति भएको थियो । पछि २०७१ साउन १९ गते भारतका प्रधानमन्त्री मोदी नेपाल भ्रमणमा आएपछि सो सहमतिलाई मूर्तरुप दिइ इपजी गठन प्रकृयालाई अगाडि बढाइएको थियो ।

# समूहमा आवद्ध भएपछि फेरियो मुसहरको जीवनशैली

ज्याला मजदुरी गरेर जीवन निर्वाह गर्दै आएका तराईका मुसहर अहिले सामूहिक बचतले गर्दा आत्मनिर्भर हुँदै गइरहेका छन् । समुदायमा आफ्नो झुपडीलाई बोराले बेरेर बस्नुपर्ने बाध्यता थियो भने जमिन धितो राखेर ऋण पाउन पनि उनीहरूलाई सकस हुन्थ्यो, अझ त्यसमाथि गाउँमा पिल्सिएर बसेका मुसहर महिलाको अवस्था झन दयनीय थियो ।

सिरहा धनगढीमाई नगरपालिका-१२ आहालेका मुसहर महिला अहिले गाउँमै समूह बनाएर आत्मनिर्भर बन्दै गएका हुन् । उनीहरु महिना/महिनामा समूहमा पैसा जम्मा गर्छन् । काम परेको समयमा त्यही समूहबाट बिना धितो ऋण लिई आम्दानी भएपछि तिर्छन् । "समूह गठन भएदेखि हामीलाई छोराछोरी पढाउन र बिरामी परेको बेला उपचार गराउन सहज भएको छ", दुर्गा महिला छलफल केन्द्रका अध्यक्ष भुटी सदायले भन्नुभयो, "आफूले नपढे पनि छोराछोरीलाई विद्यालय पठाइरहेका छौं । स-साना कामका लागि हामी समूहकै पैसा लिएर काम चलाउने गर्छौं ।"

नागरिकता, बालविवाह, गरिबी, स्वास्थ्य र शिक्षामा उचित पहुँच र समान सहभागिता नभएको यस बस्तीका मुसहर महिलालाई आत्मनिर्भर हुन त्यति सहज थिएन । तर एक्सन-एड नेपालको सहयोगमा दलित जनकल्याण युवा क्लब लहान शाखाले स्थानीय अधिकार कार्यक्रमअन्तर्गत यहाँका महिलालाई समूह बनाएर तरकारी खेती, बाख्रापालन, बचत र अधिकारका विषयमा सचेत गराइरहेको छ ।

उक्त संस्थाले घुम्ती कोष स्थापनाका लागि २५ हजार रुपियाँ, बाख्रापालनका लागि बाख्रा र आयआर्जनका लागि समूहमा सिटी रिक्सा, खानेपानीका लागि ट्याङ्कीलगायत सहयोग गरेको छ । समूहमा आबद्ध महिलाले मासिक रु सय नियमित बचत गर्ने गरेका छन् । समूहकी सदस्य झबरी सदायले पाँच हजार रुपियाँ ऋण लिएर तरकारी खेती लगाई नियमित आम्दानी गरिरहनु भएको छ । "महिनाको ५ गते नियमित बैठक बसेर हाम्रो समस्याबारे छलफल गर्ने गरेको छौं । समस्या सामाधानका लागि सामूहिकरुपमा एक अर्कालाई सरसहयोग गर्ने गरेका छौं", उहाँले भन्नुभयो, "बाख्रा पालनबाट ३०/३५ हजार रुपियाँ घरैपिच्छे आम्दानी गर्न सफल भएका छौं । समूहले पाएको सिटी रिक्साले गाउँका बिरामीलाई पनि अस्पताल पुऱ्याउन सहयोग भएको छ ।"

गाउँमा कोही बिरामी पर्दा संस्थाले उपलब्ध गराएको निःशुल्क सिटी रिक्साबाट नजिकको अस्पतालसम्म पुऱ्याउने गरेका छौं । यहाँका २२ घरका महिला समूहमा आबद्ध छन् । "संस्थाको २५ हजार सहयोग र हामीहरुको बचतले ८९ हजार पुगेको छ", सोही समूहकी सिवर्ती सदायले भन्नुभयो, "हामीलाई समस्या पर्दा समूहमै छलफल गर्छौं । ज्याला बढाउन आन्दोलन पनि गऱ्यौं । हाम्रो ज्याला पनि बढेको छ तर, महिला र पुरुषबीच ज्यालामा अहिले पनि पूर्णरुपमा विभेद हट्न सकेको छैन । समूहमा आबद्ध भएदेखि बानी व्यवहारमा परिवर्तन आएको महसुस भएको छ ।"

आधारभूत आवश्यकता परिपूर्ति र अन्य सामाजिक कामका लागि साहुँसित ऋण लिनुपर्ने र सो ऋणको साँवासहित चर्को ब्याज तिर्नुपर्ने अवस्थाले गर्दा एक पुस्ताले चुक्ता गर्न नसकेको ऋण अर्को पुस्ताले तिर्नुपर्ने अवस्थासमेत देखिएकाले थोरै भए पनि आर्थिक सहयोग गरेर उनीहरुको जीविकोपार्जन सहज होस् भनेर पहल गरिएको दलित जनकल्याण युवा क्लबका अध्यक्ष उमेश विसुन्केले बताउनुभयो ।




कृषकवर्गहरूलाई अनुरोध !

कृषि सामग्री कम्पनी लि. ले आयात गरेको उच्च गुणस्तरको युरिया, डी.ए.पी. एवम् पोटास मल कम्पनीका जिल्लास्थित कार्यालयहरूबाट बिक्रीवितरण भइरहेको हुँदा उक्त मल प्रयोग गरी राष्ट्रिय उत्पादनमा गुणात्मक वृद्धि गरौं ।
साथै, उक्त मल खरिद गर्दा तौल यकिन गरी मात्र खरिद गर्नुहुन समेत अनुरोध गर्दछौं ।

कृषि सामग्री कम्पनी लिमिटेड
AGRICULTURE INPUTS COMPANY LTD.
(An Undertaking of Government of Nepal)



# सुहाना खान किन ट्रोल ?

शाहरुख खानकी छोरी सुहाना खानको द आर्चिज अहिले नेटफ्लिक्समा स्ट्रीम भइरहेछ । बलिउडका कयौं स्टारहरुले फिल्ममा नव कलाकारहरुको अभिनयको खुलेर तारिफ गरेका थिए । आम दर्शकहरुले पनि यसबारे आफ्नो धारणा व्यक्त गरिरहेका छन् ।

स्टार किड्जले भरिएको यो फिल्म आएपछि सुहाना खान ट्रोल हुने क्रम बढेको छ । एक युजरले लेखेका छन्, 'धन्यवाद जोया अख्तर एकै साथ तीन जना नेपो किड्जलाई लन्च गरेकोमा तिमीले हाम्रो समय बचाइदियौं ।' अर्का एक जना युजरले चाँहि ट्विट गर्दै सुहानाको एक्टिङसम्बन्धी पढाईबारे नै प्रश्न गर्दै लखेका छन्, 'सुहाना खानले न्यूयोर्क एक्टिङ स्कूलबाट के सिकेर आईन् ?', अर्का एक जनाले टिकटकर वा रिल बनाउनेले पनि सुहाना खानभन्दा राम्रो लिप-सिंक गर्न सक्ने भन्दै उनलाई ट्रोल गरेका थिए ।

द आर्चिज केही अरु होइन, क्रीज फेष्ट हो, खुसी कपुर र सुहाना खानले अभिनय बिल्कुल गर्न नसक्ने भन्दै अर्का एक युजरले ट्रोल गरेका थिए । अर्का एक जना युजरले भने सुहानाको अभिनय देखेर देशद्रोहीका स्टार केआरकेको याद आएको बताए । केआरकेको रेकर्ड कसैले तोड्न सक्छ भन्ने लागेको थिएन्, तर आफू गलत साबित भएको ती युजरले बताए ।

द आर्चिजमा सुहाना खान बाहेक श्रीदेवी र बोनी कपुरको छोरी खुसी कपुर, अमिताभ बच्चनको नाती अगस्त्य नन्दा पनि छन् । फिल्मको घोषणा भएयता नै फिल्मको ट्रोलिङ सुरु भएको थियो । अहिले फ्लिम नेटफ्लिक्समा रिलिज भइसकेको छ । तर फिल्म र फिल्मका कलाकारहरु ट्रोल हुने क्रम भने रोकिएला भन्दा झनझन बढिरहेको छ ।

# भुलभुलैया-३ मा पलक तिवारीको 'इन्ट्री'



कार्तिक आर्यन अभिनीत फिल्म 'भुल भुलैया २' गतवर्ष रिलिज भएको थियो । फिल्मले राम्रो व्यवसाय गरेको थियो । त्यसैले पनि यसका निर्देशक अनिस बज्मी र निर्माता भुषण कुमार अर्को सिक्वेल अर्थात 'भुल भुलैया ३'को तयारी गरिरहेका छन् ।

यस्तैमा फिल्ममा अभिनेत्री पलक तिवारी भित्रिन लागेको खबर बाहिर आएको छ । फिल्मसँग नजिक सूत्रका अनुसार निर्माण युनिट पलकलाई फिल्ममा भित्र्याउने पहलमा छन् । फाइनल भएपछि अफिसियल्ली सार्वजनिक हुनेछ । पलकले सलमान खान अभिनीत फिल्म 'किसीकी भाई किसिकी जान'बाट अभिनयमा डेब्यु गरेकी थिइन् ।

केही दिन अगाडि फिल्ममा आर्यनको अपोजित भूमिकामा सारा अलि खान हुने सार्वजनिक गरिएको थियो । कार्तिक र साराले यस अगाडि २०२० मा रिलिज भएको फिल्म 'लव आज कल'मा काम गरेका थिए । फिल्मको दौरानमा दुबैबिच प्रेम पनि थियो । अहिले ब्रेकअफ भैसकेको छ । फिल्ममा अभिनेत्री तब्बु पनि देखिनेछिन् । तब्बुले 'भुल भुलैया २'मा पनि महत्वपूर्ण भूमिका निर्वाह गरेकी थिइन् ।  मिडिया रिपोटका अनुसार हरर कमेडी 'भुल भुलैया ३' फेवररी २०२४ मा फ्लोरमा जानेछ ।



# एनिमलकी रश्मिका किन भइन भावुक ?

बलिउड फिल्म 'एनिमल' ले लगातार बक्स अफिसमा नयाँ रेकर्ड कायम गरिरहेको छ । बक्सअफिसमा आक्रामक व्यापार गर्दा फिल्मको आलोचना समेत भइरहेको छ । महिलालाई गलत चित्रण गरेको भन्दै केही दिनअघि भारतीय संसदमा प्रश्न उठेको थियो । यसैबीच, फिल्मकी मुख्य अभिनेत्री रश्मिका मन्दानाले आफ्नो चरित्र गीताञ्जली पात्रलाई लिएर एक भावुक नोट सेयर गरेकी छिन्।

गीताञ्जलीको क्यारेक्टरलाई लिएर धेरै प्रश्न आएको तर, निर्देशकले बुझाएपछि आफू खेल्न राजी भएको रश्मिकाले उल्लेख गरेकी छिन् ।  'गीताञ्जली, यदि मैले उनलाई शब्दमा व्याख्या गर्दा उनी एक मात्र शक्ति हुन्, जसले सम्पूर्ण घरलाई एकसाथ राख्छिन् । उनी पवित्र, असल, अनफिल्टर, शक्तिशाली र काँचो छिन्। एक कलाकारको हिसाबले म गीताञ्जलीका केही कार्यहरूलाई प्रश्न गर्छु। मलाई याद छ कि मेरो निर्देशकले मलाई यो उनको कथा हो भनेर भनेका थिए। रणविजय र गीताञ्जली । यो उनको माया र जोश हो। उसको परिवार र जीवन छ । उहाँहरू त्यस्तै हुनुहुन्छ ।' साथै मन्दानाले गीताञ्जली पात्रलाई शान्ति र सान्त्वनाको रुपमा समेत व्याख्या गरेकी छिन् । 'गीताञ्जली पात्रले हिंसा, धोका र असहनीय पीडाले भरिएको संसारमा शान्ति, विश्वास र सान्त्वना ल्याउँछिन् । उनले आफ्नो श्रीमान र छोराछोरीलाई सुरक्षित राख्न प्राथना गर्छिन् । उनी चट्टानजस्तै छिन्, जसले सबै आँधीहरु सहेकी छिन्,' उनले भनेकी छन् ।

गीताञ्जलीले समाजका धेरै महिलाको प्रतिनिधित्व गर्ने बताउँदै रश्मिकाले आफ्नो नजरमा गीताञ्जली निकै सुन्दर भएको उल्लेख गरेकी छिन् । केही समयअघि कांग्रेस सांसद रञ्जित रञ्जनले फिल्म 'एनिमल'को कुरा संसदमा उठाएका थिए । फिल्ममा महिलालाई जसरी प्रस्तुत गरिएको छ, त्यो गलत भएको उनको भनाई थियो । आफ्नी छोरी साथीभाइसँग फिल्म हेर्न गएको तर, फिल्ममा महिला हिंसा र हिंसाका दृश्य देखेपछि रुँदै घर फर्किएको सांसद रञ्जितले बताएका थिए ।

सम्झना

# झिझामा अझै गएन गणतन्त्र



पहिलो र दोस्रो जनगणनामा धनुषाको अकौडा र झिझाका दुसाधहरूले आफ्नो पेसाको महलमा ' चोरी' लेखाएका थिए। यसरी दुई गाउँका दुसाधहरुले आफ्नो पेसा चोरी लेखाउँदा .राष्ट्रिय तथ्याङ्क विभागले आफ्नो प्रतिवेदनमा देशभरका दुसाधको पेसा 'चोरी' नै उल्लेख गर्दियो। पछि सो समुदायका अगुवाहरुले सुधार गर्न लगायो।

हो, त्यही झिझा वस्ती झिझिया बौसीको नामले नेपालमा मात्र होइन, भारतमा पनि चर्चित थियो। चर्चित हुनुको कारण थियो, ती गाउँका मान्छेहरुको पेसा नै चोरी थियो। ती गाउँका युवा तथा तनेरीहरु चोरी डकैती गरेर आफ्नो जिबिका चलाउँथे। ३०-४० वर्षअघिसम्म झिझा, अकौडासँगै नरहिया र कपटौललगायत दुसाधहरु चोरी डकैतीमा संलग्न थिए। यस्तो नामी चोर थिए उनीहरु कि तराई मधेश तथा भारतको सीमा क्षेत्रमा कसैको घरमा चोरी हुन्थ्यो भने त्यहीं गाउँलाई दोष दिइन्थ्यो।

चोरी भएको गाउँका मान्छे हुल बाँधेर त्यो गाउँमा आउथे, ती गाउँलेहरुलाई कुटपिट गरेर जान्थे। कतिपय अवस्थामा पञ्चहरु आउँथे। चोरी गरेको छ भने समान फिर्ता गरि दिन आग्रह गर्थे। कसैको घरमा चोरी भयो भने भने झिझा बौसी अर्थात झिझा बस्तीलाई सम्झन्थे र त्यहाँ गुहार लगाउन आउँथे।

**इमान्दार चोर**

ती गाउँका चोरहरु पनि आफ्नो पेसाप्रति इमान्दार थिए। धर्मकर्मलाई उच्च महत्व दिन्थे। हुनेखानेको घरमा मात्र उनीहरु चोरी गर्थे। महिलालाई सम्मान गर्थे। बालबालिकालाई पनि केही भन्दैन्थे। धनीको घरमा चोरी गरेर गरिबलाई बाँड्थे आफ्नो गाउँ ठाउँमा विकास पनि गर्थे। झिझाका कुञ्जा पासवानले स्थानीयको सुविधाका लागि आफ्नै खर्चमा पुलसमेत निर्माण गराएका थिए। उनीहरुको लागि चोरी गर्नु कलाजस्तै थियो। जस्तो सुकै अवस्थामा पनि चोरी गर्नु उनीहरुको काला थियो भारतको नटबरलाल जस्तै। नटवरलालको नाम मिथिलेश कुमार श्रीवास्तव थियो। उहाँको जन्म भारत बिहारको सीवान जिल्लाको बंगरा गाउँमा भएको थियो। नटवरलाल भारतका प्रसिद्ध ठग हुनुहुन्थ्यो। ठग्ने कालाका कारण भारत पनि आजित भइसकेको थियो। ठगको सैयौ मुद्दा उहाँमाथि चलिरहेको थियो। उहाँले भारतको ताजमहल, लालकिला, राष्ट्रपति भवन और संसद भवन पनि बेचि सक्नु भएको थियो। उहाँले ठूला ठूला ठगी गर्नुहुन्थ्यो र आफ्नो गाउँलाई माया गर्नुहुन्थ्यो। गाउँका कुनै पनि मानिसले नटरवरलालको बारेमा नकारात्मक कुरा सुन्न चाहदैन्थे। सबैले नटबरलालको संरक्षण नै गर्थे। ठिक त्यही अवस्था नेपाल धनुषाको झिझा बस्तीको थियो। चोरी पनि इमान्दारीका साथ गर्थे र आफ्नो आफन्तलाई संरक्षण गर्थे।

चोरी-डकैतीमा संलग्न हुँदा कमाइ राम्रो भए पनि उनीहरूको घरको अवस्था भने दयनीय नै थियो। बालबालिका पढ्न जाँदैनथे। गाउँमा एउटै पनि पक्की घर थिएन। कहिले प्रहरीको छापामारी त कहिले अन्य गाउँका हुलको आक्रमणमा पर्थे। चोरी-डकैतीको आरोपमा विगतमा झिझाका थुप्रै युवाको नेपाल र भारतका विभिन्न स्थानमा हत्या भइसकेको छ भने नजिकका गाउँलेले दुसाध बस्ती नै जलाएर सखाप बनाएका घटना पनि छन्।

झिझाका डाँकाहरूको त्रास नेपालको विराटनगरदेखि नेपालगञ्जसम्म र भारतको सीमावर्ती गाउँ-नगरदेखि विहारको राजधानी पटनासम्म थियो। २०४२ मा भारतीय प्रहरीको सहयोगमा सीमावर्ती इटहर्वा गाउँमा झिझाका दुई युवकको इन्काउन्टर र दुईलाई पक्राउ गरिएको थियो। त्यसको बदलामा झिझाको दुसाधले चार भारतीयको टाउको काटेर सीमावर्ती हरलाखी थानाअगाडि फालिदिएका थिए। झिझाका चोरलाई भारतका कतिपय चोरले पनि साथ दिएका थिए। भारतमा चोरी गर्न भारततिरका चोरले सघाउथे भने नेपालमा झिझाका चोरले सघाउथे।

**फेरिएको जीवनशैली**

त्यो गाउँका सबैको जीवनशैली फेरिएको छ। पढाई लेखाई गर्न थालेका छन्। वैदेशिक रोजगारीमा गएका छन्। सरकारी जागिरमा पनि भर्ना भएका छन्। तर बदनामी अझै हटेको छैन। झिझा वस्तीका हुन् भनि थाह पाएपछि धेरैले शंका तथा हेयको दृष्टिले हेर्ने गरेका छन्। स्कूल, शहर बजारमा पनि त्यो गाउँका बच्चा तथा युवामाथि दुरव्यहार हुने गरेको छ।

**झिझाको शिक्षा**

बिल्टु मण्डलले धनुषाको विदेह नगरपालिका-४ स्थित श्री राष्ट्रिय प्राविमा छोरी भर्ना गराउँदा परिवार र गाउँलेले नाइनास्ती गरिरहेका थिए। तर उहाँले कसैको कुरा सुन्नुभएन। नाइनास्तीको कारणचाहिँ के थियो त ? मण्डलले भन्नुभयो, "बदनामी कमाएको झिझा बस्तीका बालबालिकासँग बसेर किन पढाउनु।" त्यहाँ शिशुदेखि कक्षा ५ सम्म १२४ बालबालिका पठनपाठन गरिरहेका छन्। यसमध्ये चार जनाबाहेक सबै विद्यार्थी झिझाका पासवान र महरा समुदायका छन्।

झिझाका वीरेन्द्र पासवान भन्छन्, "हाम्रो पुर्खाको विगतका कुरा झिकेर अहिले पनि हामीलाई हेयको दृष्टिले हेर्छन्। तर अहिले त हामी आफ्नो क्षमता र सीपअनुसार इलम गरेर खाइरहेका छौं।" "यो विद्यालय २०१७ मा स्थापना गरिएको हो भनेर कसैले विश्वास गर्ला ? हिजोका सरकारले पनि हामीलाई उपेक्षा गरेको थियो, अहिलेको सरकारले पनि हामी सँग त्यही व्यवहार गरिरहेको उहाँले भन्नुभयो।

झिझावासीले सम्मानित जीवनका लागि अन्य पेसा व्यवसाय गर्न थालेको दशकौं भइसक्दा पनि त्यसको बोझ अर्थात् उपेक्षाको भार अझै पनि बोक्नुपरिरहेको बताउनुहुन्छ मुकेश पासवान। यसको उदाहरणका रूपमा श्री राष्ट्रिय प्राविलाई लिन सकिने उहाँको भनाइ छ। विद्यालयको नाम राष्ट्रिय छ तर न यो हिजो राष्ट्रिय हुनसक्यो न आज। नजिकको सरकार आइसकेपछि स्थानीयसमेत हुनसकेको छैन। कसैले स्वामित्व नै लिँदैनन्। जसले गर्दा त्यहाँका बालबालिकाका जीवन अन्धकार हुने देखिन्छ।

२०१७ मा स्थापना भएको विद्यालयले अहिलेसम्म कागजमा बाहेक आफ्नो पहिचान झल्किने बोर्डसमेत पाएको छैन। एक बिघा १७ कट्ठा जग्गा उपभोग गरिरहेको यो विद्यालयको नाममा त्यो जग्गा पनि छैन। यहाँ रहेका दुई-दुईकोठे तीन भवन पनि गैरसरकारी संस्थाले बनाइदिएका हुन्। तीमध्ये एउटा भवन प्रयोग नहुँदै जीर्ण भइसकेको छ।

**छोएन गणतन्त्रले**

देशमा गणतन्त्र आइसकेको तर कसैले पनि त्यो स्कूलमाथि ध्यान दिएको छैन, कारण हो, विगतको व्यवहार र पेसा। गल्ती त बुबाबाजेले गरे तर त्यसको कारवाही अहिलेका पुस्ताले पनि भोगिरहेको स्थानीय वीरेन्द्र पासवानले बताउनुभयो।

पुर्खा र आफ्नो पुस्ताको जीवन जेनतेन चले पनि घरआँगनमै गुणस्तरीय शिक्षा दिएर नयाँ पुस्ताको सुन्दर भविष्य बनाउने सपनामाथि समेत खेलवाड भइरहेको भन्दै उहाँले भविष्य सम्झदा चिन्ता लागेर आउँछ भन्नुभयो। विगत १३ वर्षदेखि यही विद्यालयमा राहत शिक्षक जयप्रकाश पासवानले स्थानीय अभिभावक, व्यवस्थापन समिति र आफूहरूले प्रयास गर्दा पनि पूर्वाधार विकास तथा शिक्षकको व्यवस्थापन गर्न नसकिएको बताउनुभयो। "शिक्षक नै बस्न नमान्ने समस्या पटक-पटक आइसक्यो। विगत एक वर्षदेखि दुई जनाले रेखदेख गरिरहेका छौं।'

अहिले त हामीले गोठालाको जस्तै रेखदेखमात्रै गर्ने हो। त्यसबाहेक दुई जनाले के नै गर्न सकिन्छ र ! नजिकै पोखरी छ। वर्षातमा वरिपरि डुबान हुन्छ। पर्खाल छैन। यो कुरा स्थानीय सरकार र सरोकारवालालाई पटक-पटक जानकारी गराइसकेका छौं। तर आश्वासनबाहेक कुनै सुनुवाइ भएको छैन", उहाँले भन्नुभयो।

प्रधानाध्यापक भोगेन्द्र महरानले विद्यालयमा भौतिक पूर्वाधार र शिक्षकको व्यवस्थापन नहुँदा पठनपाठनमै समस्या भइरहेको बताउनुभयो। "२०७६ म यहाँ आउँदा पनि एक जनामात्रै शिक्षक हुनुहुन्थ्यो। पछि धेरै गुनासो गरेपछि तीन राहत शिक्षक पठाइएको पनि हो। तर फेरि हामीलाई नसोधेरै अन्त पठाइयो।"

तीनै तहका सरकारमात्रै होइन, यहाँबाट निर्वाचित सांसदहरूले पनि विद्यालयको विकासमा कुनै चासो नदेखाएको गुनासो छ । अघिल्लोपटक एउटा सांसदलाई विद्यालयमा घेरा पर्खाल लगाउन र अत्यावश्यक काममा संसद् विकास कोषको रकम दिन आग्रह गरे तर उहाँले विद्यालय छेउमै २५ लाख रुपियाँको मन्दिर निर्माणमा र १५ लाख रुपियाँ पोखरीको घाट बनाउनमा खर्च गर्नुभयो तर स्कुलका लागि केही गर्नुभएन।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सुरेन्द्र पासवानले विद्यालय सुधारका लागि नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृतलगायत सरोकारवालासँग छलफल गरेर समस्या समाधानको प्रयास भइरहेको दावी गर्नुभयो।

यो बस्तीमा ८७ घर पासवान र २० घर महरा समुदायका छन्। यसअघि २०३५ तिर यहाँका दुई सयभन्दा बढी पासवान परिवारलाई सर्लाहीको लालबन्दीमा जग्गा दिएर पुनर्बास गराएको थियो। पुनर्वासकै प्रलोभनमा झिझाका दुसाधहरूलाई पनि आत्मसमर्पण गराइयो तर बहुदलीय व्यवस्था आएसँगै पुनर्वास योजना ठप्प भएको उनीहरूको आरोप छ ।

पुनर्वासको लालचमा तत्कालिन अञ्चलाधीशको रोहबरमा ४७ थान हातहतियार बुझाएका थिए उनीहरु। सर्लाहीको सागरनाथ वन नजिक जग्गा दिने कुरा भयो। जग्गा पनि उनीहरुले हेरे। हालसम्म उनीहरुले जग्गा पाएको छैन। झिझाका स्थानीयहरु बुबाबाजेले गरेको कार्यको दोष आफूहरुमाथि नलगाउन र त्यो नजरले नहेर्न पटक पटक आग्रह गरिसकेका छन्। तैपनि उनीहरुसँग दुरव्यवहार हुने गरेको छ। त्यहाँका युवाहरु भन्छन्, झिझामा अझै गणतन्त्र आएको छैन।'

**हिन्दु...**

संकेत गर्नुभएको छ। महामन्त्री गगन थापाले औपचारिक रुपमा धर्मको विषयमा केही नबोले पनि भित्रभित्रै पार्टीका नेताहरुलाई साथ दिइरहनु भएको छ। हरेक दिन टिका र फूल लगाएर कार्यक्रम पार्टीको कार्यक्रममा निस्किनुहुन्छ। त्यसलाई धेरैले गगनलाई हिन्दु राष्ट्रसँग पनि जोडेर हेर्ने गरेका छन्। संविधान निर्माणको चरणमा भारत पुगेका देउवा, प्रचण्डसहितका नेताहरूले धार्मिक स्वतन्त्रताको पक्षमा सहमति जनाएर आएको चर्चा पनि हुन्छ। शीर्ष नेता अन्तिममा संविधानमा धर्मनिरपेक्षता उल्लेख गर्न राजी भएपछि भारत रुष्ट भएको र २०७२ को संविधान अस्वीकार गरी नाकाबन्दी लगाएको विश्लेषण हुने गरेको छ। अब ती शीर्ष नेताहरुले त्यस्तो रिश्क लिने पक्षमा छैन। पछिल्ला दिनमा एमाले अध्यक्ष केपी ओलीको सनातन धर्मको पक्षमा आउने अभिव्यक्ति, प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणमा क्रममा उज्जयनमा भएको तीर्थाटन र अहिले देउवाको अभिव्यक्तिले परिस्थितिमा फेरबदल हुन खोजेको अर्थमा विश्लेषण भइरहेको हो।

**हिन्दु...**

गिट्टी, वालुवा उत्खनन् गरिरहेको अवस्थामा र टयाक्टर चालक धिनगढीमाइका राम कुमार यादव, अरविन्द कुमार यादव, रमन किशोर यादव, पुरसोत्तम यादव, ईन्द्रजित महतो, बरियारपट्टी गाउँपालिकाका वडा नम्बर २ का संदिप कुमार महतो र नरहा गाउँपालिकाका फुल कुमार यादवलाई पक्राउ गरि हिरासमा राखि अनुसन्धान गरिरहेको डिभिजन वन कार्यालयले जनाएको छ। धनगढीमाइ नगरपालिका चिनियाँ कम्पनीलाई बालुवा उत्खनन्मा काँग्रेसका नेता रामचन्द्र यादवले सघाइ रहेको बताइएको छ। रामचन्द्र यादव स्वयंको जेसिबीले चिनियाँ कम्पनीका लागि बालुवा उत्खनन् गरिरहेको स्थानीयहरुले बताएका छन्। त्यहाँ पनि नगरपालिकाले मापदण्ड विपरिता उत्खनन् गर्न दिएको भेटिएको बताइएको छ।

चाइना कम्पनीले महेन्द्रराजमार्गअन्तरर्गत सिरहाको बलानदेखि सप्तरीको कञ्चनपुरसम्म ८६ किलोमिटरसम्म सडक, मुख्य पुल, ओभर पास ब्रिज, अन्डर पास ब्रिज, कल्भर्ट, नालासहित कालोपत्रे सडक निर्माण कार्य सम्पन्न गर्नका लागि जथाभावी बालुवा र गिट्टी उत्खनन् गर्दै आइरहेको छ। सो कम्पनीले राजमार्ग स्तरोन्नतीका लागि तीन वर्षका लागि ठेक्का लिएको थियो तर हालसम्म ११ किलोमिटर सडकमा मात्र कालोपत्रे गर्न सकेको छ।

कालोपत्रेको लागि सडकको बेस बनाउने, कल्भर्ट निर्माण, पुल, नाला निर्माणको अझै सकिएको छैन। सन् २०२० अक्टोबरबाट सुरु भई सन् २०२३ अक्टोबरसम्म सम्पन्न गर्ने गरी चाइना रेलवे २ इन्जिनियरिंग ग्रुपले कुल १५ अर्ब ५६ करोडमा यसको निर्माण ठेक्का पाएको छ। यस कम्पनीले कमला-कञ्चनपुरसम्मको निर्माण कार्यलाई दुईवटा प्याकेजमा ठेक्का पाएको हो। एडीबीको ७२ र नेपाल सरकारको २८ प्रतिशत संयुक्त लगानीमा सप्तरीको कुशहादेखि कञ्चनपुरसम्म पूर्वी सडक खण्ड पहिलो प्याकेज र सिरहाको बलान (कुशहा) देखि कमलासम्म पश्चिमी सडक खण्ड दोस्रो प्याकेजमा सडक विस्तार निर्माण काम ठेकदार कम्पनीले पाएको हो।

तर सडक स्तरोन्नतीको नाममा मधेशलाई मरुभूमी बनाउने काम चीनले गरेको छ। नेपाल-भारतको सीमासँगै टाँसिएको महेन्द्रराजमार्गको काम चीनले जानी जानी लिएको छ। नेपाल-भारतको सीमामा आफ्नो हिमचिम बढाउनका लागि जति सक्दो काममा ढिलाई गरिरहेको स्थानीयहरु बताउँछन्। तीन वर्षका लागि ठेक्का लिएको थियो तर हालसम्म १ किलोमिटर सकड मात्र कालोपत्र गर्न सकेको छ। एक वर्षका लागि म्याद थपिएको छ। एक वर्षमा सबै काम सकाउँछ भनि कसैले विश्वास गरेको छैन। कसरी हुन्छ, बोर्डमा अल्झि रहने चीनको योजना छ, त्यसको लागि यस्तै यस्तै ल्याङल्याङ गरिहन्छ।

**उपेन्द्र...**

भएको छ। अध्यक्ष यादवले भन्नुभयो, मैले आठ घण्टा मात्र होइन, दिनभर पनि कुनै पनि विषयमा कुरा राख्न सक्छु, म मास्टरी गरेर आएकाले मलाई सजिलो भएको छ।' पछिल्लो समय प्रायः प्रत्येक दिन नेता तथा कार्यकर्तालाई कुनै नकुनै रुपमा प्रशिक्षण दिइरहेको र यसले राजनीतिक चेतनाको विकास भइरहेको आफूले पाएको उहाँले बताउनु भयो।

यो चार वर्षमा १० हजार प्रशिक्षक तयार गर्ने आफ्नो लक्ष्य रहेको बताउँदै उहाँले जबसम्म राजनीतिक रुपमा नेता तथा कार्यकर्ता प्रशिक्षित हुँदैन तबसम्म मधेशी, आदिवासी जनजाति, उत्पीडित समुदायले मुक्ति नपाउने बताउनुभयो। उहाँले भन्नुभयो, 'मधेश मुक्तिका लागि अर्को संघर्ष गर्न यो तयारी भइरहेको छ, राज्यले मधेशसँग धोकाधडी गरेको छ त्यसका लागि संघर्ष गर्न म आफै तयारीमा लागेको छु।'

# द्वन्दपिडित महिला पशुपालनमा



बर्दियाको राजापुर नगरपालिकाका २० जना द्वन्द पिडित महिलाहरु जिविकोपार्जनका लागि अहिले पशु पालनमा व्यस्त छन्। उनिहरुले पशुपालनबाट राम्रो आम्दानी गर्दै आफ्नो परिवारको गुजारा चलाउनुका साथै बचत पनि गर्न थालेको नगरपालिकाले जनाएको छ।

राजापुर नगरपालिकाका प्रमुख दिपेश थारुका अनुसार राजापुरका २० जना द्वन्द पीडित महिलालाई जिविकोपार्जनका लागि नगरपालिकाले भैंसीपालन गर्न जनही दुई दुई वटाका दरले ४० वटा पाडी दिएको छ भने नगरका १५ द्वन्द पीडित महिलालाई बाखापनका लागि जनही पाँच वटाका दरले ७५ वटा पाठी दिएको छ।

उहाँले पशुपालनमा सक्रिय रहनु भएका दन्द्वपिडित महिलाहरुले अहिले राम्रो आम्दानी गरेर घर खर्च चलाउने ठुलो सहयोग गरिरहनु भएको बताउनुभयो।

बाखा पालनमा सक्रिय रहनु भएकी राजापुर-५ की राजकुमारीदेवी थारुका पति रामकिशन थारु माओवादीको जनमुक्ति सेनामा रहनु भएको थियो। थारुलाई राजापुर बजारमा ट्रेक्टरमा डिजेल हाल्न गएको बेला सेनाले पक्राउ गरेर हत्या गरेको राजकुमारीले बताउनुभयो। बाखा पालनबाट राम्रै आम्दानी भइरहेको जनाउँदै उहाँले शसस्त्र द्वन्दलाई बिर्सदै व्यवसायमा लागेको बताउनुभयो। यस्तै राजापुर-५ बदालपुरकी अनिता थारुका पति सोमप्रसाद थारु पनि माओवादीका पूर्णकालीन कार्यकर्ता हुनुहुन्थ्यो। कैलालीको आमखैयामा २३ जेठ २०६२ मा नेपाली सेनाको आक्रमणमा उहाँको निधन भएको थियो। अंशबाट आएको आठ कठ्ठा जग्गा बेचेर बदालपुरको माइती नजिकै घर बनाएर उहाँ बस्नु भएको छ। राजापुर नगरपालिकाले उहाँलाई जिविकोपार्जनका लागि दुई वटा भैंसी (पाडी) दिएको छ। शहीद भनेर सरकारले दिएको १० लाख रुपियाँबाट थप पाँच कठ्ठा जग्गा उहाँले खरिद गर्नु भएको छ। भैंसी पालनबाट राम्रै गुजारा चलिरहेकोले क्रमशः पशुपालन बढाउँदै लगेको अनिताले बताउनुभयो।

राजापुर-६ विक्रमपुरकी द्वन्द्व पीडित हिरा थारुलाई पनि नगरपालिकाले पाँच वटा बाखा दिएको छ। उहाँका पति राजकुमार थारुलाई तीन कात्तिक २०५९ मा सेनाले घरबाटै लगेर बेपत्ता पारेको हिराले बताउनुभयो। उहाँले दुई भाइ छोरामध्ये एउटालाई दुईटा र अर्कोलाई तीन वटा बाखा पाल्न दिनु भएको छ।

महिलाहरुलाई बाखा र भैंसी वितरण गर्नु अघि उनीहरुको रोजाइ अनुसार व्यवसायिक पशुपालन तालिम दिएर बाखा र भैंसी हस्तान्तरण गरिएको नगरपालिकाले जनाएको छ। नगरपालिकाले गरेको एक अध्ययन अनुसार दुई वटा भैंसी पाल्ने किसानले दूध बेचेर प्रति महिना कम्तीमा पनि २५ हजार बचत गरिरहनु भएको छ भने पाँच वटा बाखा पाल्नेले पनि राम्रै आम्दानी गरिरहनु भएको छ।

# हिमाली क्षेत्रमा जीन बैंक स्थापना हुने

नेपाल कृषि अनुसन्धान परिषद (नार्क) ले विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ)को सहयोगमा उच्च पर्वतीय क्षेत्रमा जीन बैंक (बिउ विजन राख्ने) स्थापना गर्ने भएको छ। डब्लुडब्लुएफको आर्थिक सहयोगमा मनाङ वा मुस्ताङमध्ये एक ठाउँमा उच्च स्तरीय जीन बैंक स्थापना गर्ने सम्झौता भइसकेको नार्कका कार्यकारी निर्देशक डा.धुवराज भट्टराईले बताउनुभयो। रिगाग्री परियोजना नाम दिएर सो क्षेत्रमा काम पनि सुरु भइसकेको छ।

उहाँले दुवै पक्षको सामुहिक प्रयासबाट परियोजनाले तोकेको उपलब्धी समयमै हासिल गर्ने विश्वास आफूले लिएको बताउँदै यो परियोजनाले देशको कृषि अनुसन्धानमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो। डब्लुडब्लुएफका नेपाल प्रतिनिधि गुरुङले १० वर्ष भित्रैमा हिमाली क्षेत्रमा नमुना जीन बैंक स्थापना हुने आफू विश्वस्त रहेको बताउनुभयो। रैथाने अनुवंश र आनुवंशिक विविधतालाई संरक्षण गरेर लैजान यो परियोजना सफल हुने उहाँले बताउनुभयो।

यो परियोजना पाँच वर्षका हुनेछ र यसमा डब्लुडब्लुएफले करिब पाँच करोड रुपियाँ लगानी गर्ने राष्ट्रिय जीन बैंकका प्रमुख डा. बालकृष्ण जोशीले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, 'डब्लुडब्लुएफको आर्थिक सहयोग मात्र हुन्छ, हाम्रो वैज्ञानिक तथा प्राविधिक जनशक्तिले सो बैंक तयार गर्नेछन्।' हिमाली क्षेत्रमा यस्ता बैंक विश्वका धेरै देशले स्थापना गरेका छन्, नेपालले पनि परियोजना सुरु गरेको छ।' जलवायु परिवर्तनका लागि हिमाली क्षेत्रमा रहेका खाद्यान्न तथा विभिन्न बालीहरु लोप हुने अवस्थामा छ, त्यसलाई जोगाउनका लागि यो प्रयास सुरु भएको उहाँले बताउनुभयो। राष्ट्रिय जीन बैंकका प्रमुख जोशीले मनाङ र मुस्ताङमा पाइने स्थानीय साँस्कृतिक, धार्मिक, प्ररम्परा र सो स्थानमा पाइने रैथाने कृषि अनुवंशिक स्रोतहरुको अध्ययन अनुसन्धान गरिने बताउनुभयो।

# पानामा रोग नियन्त्रण गर्न कृषि मन्त्रालयले गुहाऱ्यो एफएओलाई

कृषि तथा पशुपन्छी विकास मन्त्रालयल पानामा (टि.आर-४) रोग नियन्त्रणका लागि संयुक्त राष्ट्र संघको राष्ट्र संघको खाद्य तथा तथा कृषि संगठन (एफएओ)को साथ खोजेको छ। रकमको अभावका कारण पानामा रोग नियन्त्रण गर्न गाह्रो भएपछि कृषि मन्त्रालयले एफएआलाई गुहारेको छ। कैलालीको टिकापुरमा देखिएको पानामा (टि.आर-४) लाई अन्य ठाउँमा फैलिन नदिन सरकारले प्रयास गरिरहेको बेला एफएओले पनि साथ दिने भएको छ। केराको बोटमा लाग्ने पानामा रोग कसरी नियन्त्रण गर्ने विषयमा प्रशिक्षण दिने कार्यक्रमको तयारी चलिरहेको छ। सो तालिमलाई एफएओको पनि सहयोग रहने छ।

एफएओका नेपाल प्रतिनिधि केन सिमिजुले नेपालमा देखा परेको पानामा (टि.आर-४) रोग नियन्त्रणमा एफएओ पनि सहभागि हुन पाउँदा खुशी लागेको बताउनुभयो। यसको नियन्त्रण र व्यवसायनमा नेपालसँगै आकस्मिक सहायतासहित एफएओका पनि सहभागिताले आफूलाई खुशी लागेको बताउँदै उहाँले नेपालको केरा खेती तथा व्यवसायलाई जोगाउन एफएओ, नार्क, कृषि मन्त्रालय, र अन्य निकायबीच समन्वय हुनेमा आफू विश्वस्त रहेको बताउनुभयो।

राष्ट्रिय बाली रोग विज्ञान अनुसन्धान केन्द्रका वैज्ञानिक डा. रामबहादुर खड्काले समान्यतया पानामा रोगले स्थानीय मालभोग केरालाई क्षति पुर्याउने गरेको छ तर पानामा टि.आर.-४ प्रजातिको रोगले नेपालको व्यवसायमा ठुलो असर पुर्याउने आँकलन भइरहेको छ र त्यसबाट जोगाउनका लागि सरकारले विभिन्न पहल गरिरहेको बताउनुभयो। यो यो पानामा रोग नियन्त्रणमा रहेको छ। कैलालीभन्दा बाहिर सरेको छैन। यो प्रशिक्षणपछि अझै यसलाई कसरी नियन्त्रण गर्न सकिन्छ बारेमा विस्तृत जानकारी गराउने उहाँले बताउनुभयो। नार्कका निमित कार्यकारी निर्देशक लुमानिधि पाण्डेले केराको पानामा लाग्ने ओइलाउने रोग विरुद्ध सुरुदेखि नै नार्कका वैज्ञानिकहरु र समग्र सरकारी टिमले गरेको प्रयास सराहनीय रहेको र यसमा एफएओले समेत सहयोग गरेकोमा धन्यवाद दिनुभयो। नार्क र संगठनले मिलेर सर्वे, प्रकाशन वितरण, केरा बगैचाको सिमा नियन्त्रण, कृषि सल्लाह, बगैचाको सरसफाई तथा रोकथाम विधि एवं तालिम जस्ता कार्यक्रम गरिरहेको बताइएको छ।




"नियमितदूध सेवन गरौं, रोग प्रतिरोधात्मकक्षमता बढाऔं"

## दूध एक फाइदाअनेक

दूधमाचिल्लोपदार्थ, प्रोटिन, कार्वोहाइड्रेड, खनिजपदार्थ र भिटामिन जस्ता शरीरलाई आवश्यक पर्ने तत्वहरु पाइने हुंदादूधलाई एक उत्तमखाद्यपदार्थको रुपमालिईन्छ। चिल्लो पदार्थले शरीरलाई शक्तिप्रदानगर्दछ। ल्याक्टोजले तुरुन्तशक्तिप्रदान गरी शरीरमा स्फूर्ति आई पुनःकाममा सक्रियहुन मद्दत गर्दछ। प्रोटिनले शरीरको कोषिका, तन्तु लगायतशारीरिक वृद्धि गरी शरीरलाई शक्ति समेत प्रदानगर्दछ। दूधमा भिटामिन A, D, E, K, B-Complex पाईन्छन। यी भिटामिनले रतन्धो हुनबाट जोगाउने, प्रजननक्षमताको विकास गर्ने तथाशारीरिक वृद्धि विकास, हाड तथामांसपेशीहरु मजबुतपार्नुका साथै खानाखाने रुची जगाउँदछ। शरीर बृद्धिको लागिआवश्यकपर्ने लवणहरु क्यालसियम, फस्फोरस, म्यागनेसियम, क्लोरिन, पोटासियम, सोडियम आदिदूधमापाईन्छन्। यसले शरीरिक सन्तुलन राख्नुका साथै शारीरिक विकास गर्दछ साथै दूधमापाईने Lactoalbumin र Lactoglobulin ले Immunity powe rबढाउनमा समेत मद्धतगर्दछ। नेपालको खाद्यनियमावलीअनुसार प्रशोधित १०० ग्राम दूधबाट करिब ६० क्यालोरी शक्तिप्राप्त हुन्छजसले रोग प्रतिरोधात्मकक्षमताअभिवृद्धि गराउनमा सहयोग पुऱ्याउछ।

राष्ट्रिय दुग्ध विकास बोर्ड
ललितपुर, नेपाल
फोन. ०१-५५२५४००



## मधेश...

छन्, प्रचण्डबाहेक अरु कसैले पुरा गर्न सक्दैन त्यो म ग्यारेन्टीको साथ भन्छु। प्रदेश नम्बर २ लाई मधेश प्रदेश बनाउनमा माओवादी केन्द्रका अध्यक्ष एवं प्रधानमन्त्री प्रचण्डको पनि योगदान गरहेको छ।

प्रदेश नम्बर २ को नाम मधेश प्रदेश राख्ने भनि प्रधानमन्त्री प्रचण्डले आफ्नो पार्टीबाट नै निर्णय गराउनु भएको थियो। जब कि यो कुरामा एमाले र काँग्रेस पार्टी मौन थिए। ती पार्टीमा रहेका मधेशका केही नेताहरुले त्यसका बारेमा बेलाबेलामा बोलिरहेका थिए तर पार्टीहरुले माओवादीको जस्तो ठोस निर्णय लिन सकिरहेको थिएन।

त्यति मात्र होइन, मधेशवादी दलले मधेशका २२ वटा जिल्लालाई दुईटा प्रदेश बनाउने प्रस्ताव थियो। त्यसको समर्थन गर्ने एक मात्र पार्टी माओवादी नै हो। एक मधेश एक स्वायत प्रदेशमा पनि माओवादीले कहिले असहमति जनाएको थिएन। मधेशमा दुई प्रदेशसहितको १० प्रदेशमा मधेशवादी दल सहमति जनाएको थियो, त्यो १० प्रदेशको खाका पनि माओवादीले नै ल्याएको थियो।

**मधेश आन्दोलन र माओवादी**

२०७२ संविधान जारी भएपछि मधेश केन्द्रीत दलले त्यसमा असन्तुष्टि जनाउँदै संशोधनको माग राखेर काठमाडौं केन्द्रीत आन्दोलन गरेको थियो। २०७३ जेठ २ गते मधेश केन्द्रीत दलले सिंहदरवार घेराउ पनि गरेको थियो। त्यसमा पनि माओवादीले साथ दिएको थियो। मधेश केन्द्रीत दलले मधेशमा होस् या काठमाडौंमा होस् जहाँ जहाँ आन्दोलन गर्थे सबै ठाउँमा माओवादी केन्द्रको साथ हुन्थ्यो। संविधान निर्माण हुने क्रममा त्यसमा पहिचानको मुद्दा लेखाउनका लागि तत्कालिन मधेशी मोर्चा र अन्य पहिचानवादी दलहरुसहित ३३ दलीय मोर्चा बनेको थियो। सो मोर्चाको नेतृत्व माओवादी केन्द्रले गरेको थियो।

त्यो ३३ दलीय मोर्चाले देशैभर आन्दोलन गरिरहेको थियो। र, त्यो आन्दोलन माओवादी केन्द्रका कारण मात्र सम्भव भइरहेको थियो। मधेशी, आदिवासी, जनजातिको पहिचान संविधानमा उल्लेख गराउन माओवादी केन्द्रले खेलेको भूमिकाले बिर्सिन सकिदैन। २०७३ कै साउनमा मधेश केन्द्रीत दलले खुल्लामञ्चमा रिले अनसन सुरु गरेको थियो। त्यहाँ अरु कुनै दलका नेताले ऐक्यबद्धता जनाउन गएका थिएन, माओवादीका अध्यक्ष प्रचण्ड मञ्चमै गएर सो आन्दोलनको समर्थन जनाउनु भएको थियो। त्यहाँ आफ्नो कुरा पनि राख्नु भएको थियो। अर्थात मधेशलाई माओवादीलाई पाइला पाइलामा साथ दिएको इतिहास छ।

**मधेश र माओवादी फ्युजन**

त्यसैले मधेश र कम्युनिष्टको नङग र मासुको सम्बन्ध छ। नेपाली राजनीतिमा माओवादी र मधेश एक सिक्काको दुई पाटा हुन् भन्दा पनि फरक पर्दैन। त्यसैले मधेश र कम्युनिष्ट (माओवादी) फ्युजन गराएर देशमा एउटा नयाँ शक्तिको निर्माण गर्ने अवस्था आइसकेको छ।

मधेशमा एउटा राष्ट्रिय पार्टीको आवश्यकता भइसकेको छ। मधेश केन्द्रीत जति वटा दलहरु छन् ती सबै क्षेत्रीय पार्टी हुन्। क्षेत्रीय पार्टीले अब केही हुँदैन, एक दुईटा सीटमा मात्र सिमित हुन जान्छ, त्यो भन्दा बढी अरु केही गर्न सक्दैन। क्षेत्रीय पार्टीले मधेशको मुक्ति हुँदैन भन्ने कुरा जनताले पनि बुझि सकेका छन्। मधेशवादी दलहरु जति संघर्ष गरे पनि अधिकार र पहिचान नपाउने लगभग निश्चित भइसक्यो किनभने अब त्यसको लागि मधेशवादी दलको शक्तिले मात्र पुग्दैन। भएका शक्ति छिनभिन्न भइसकेका छन्। मधेश शक्तिमाथि चौतर्फी प्रहार भइरहेको छ। त्यसैले अब क्षेत्रीय पार्टी होइन, माओवादी र मधेशवादीलाई फ्युजन गरेर एउटा राष्ट्रिय पार्टी निर्माणको आवश्यकता भइसकेको छ।

**मधेशको शक्ति**

मधेशवादी दलले शक्ति निर्माण गर्ने प्रयास नगरेको होइन। पटक पटक प्रयास भएको हो। मधेश आन्दोलनबाट मधेशी जनअधिकार फोरम नेपाल, तमलोपाको जन्म भएको थियो। त्यो एउटा ठूलो शक्ति थियो। त्यही शक्तिका कारणले मधेशले केही पाउने आशा जागेको थियो। त्यतिबेला राज्य पनि मधेशको अगाडि झुकेको थियो। आठ बुँदे सम्झौता भएको थियो। मधेशका सबै माग पुरा गर्ने सम्झौता भएको थियो।

तर जब शक्ति कमजोर भयो अनि ती मागहरु पुरा गर्न राज्य तयार भएन। मधेशसँग राज्यले मुसो बिरालोको खेल खेल्यो। मधेशवादी दलहरु सत्ताको खेलमा यसरी अल्झे कि कतिखेर आफूसँग भएको शक्ति साथ छाडेर गयो थाहै पाएनन्। मधेशी नेताको आपसी स्वार्थ र सत्तालिप्सा, परिवारवाद, नातावाद, व्यक्तिवादका कारणले मधेशको मुद्दा विसर्जन भएको हो। मधेशमा गलत नेतृत्वका कारण मधेशी जनताले दुख पाइरहेका छन्।

**दोषी को ?**

मेरो व्यक्तिगत प्रयासले विभिन्न छ वटा दल मिलेर राष्ट्रिय जनता पार्टी (राजपा) नेपाल बनेको थियो। उपेन्द्र यादवजीको समाजवादी पार्टीसँग त्यो राजपाको एकीकरण गराएर जनता समाजवादी पार्टी बनाएका थियौं। मधेशमा यो धेरै ठूलो काम भएको थियो। मधेशका सम्पूर्ण शक्ति एक ठाउँमा आएको थियो। तर दुई जना (उपन्द्र-महन्थ) नेताको अदुरदर्शिता, अहम्पना, हठपनाका कारण त्यो शक्ति छिनभिन्न भयो।

मधेशको शक्ति कमजोर हुनुमा सबभन्दा गल्ती उपेन्द्रजीबाट भएको हो। उहाँले मधेशमा सांगठिनक शक्ति होइन, व्यक्तिलाई केन्द्रमा राखेर संगठन बनाइरहनु भएको छ। उहाँले आफूबाहेक अरु कसैलाई मान्ने तयार हुनुहुन्न। उहाँ कसैलाई नेता बनाउन चाहनु भएको छैन, सबैलाई झोले कार्यकर्ता बनाएर मात्र चाहनु भएको छ। झोले कार्यकर्ताबाट उहाँले पार्टी चलाउन चाहनु भएको छ।

उहाँले सुरुदेखि नै मधेशसँग बेइमानी गर्नुभएको छ। उहाँ यदि ठिकठाक रहनु भएको भए आज मधेशको अवस्था यस्तो रहने थिएन। उहाँले सहिदलाई भर्याङ्ग बनाएर सत्ताको राजनीति गर्नुभयो तर ती सहिद र सहिदको परिवारका लागि केही गर्नुभएन।

उपेन्द्र यादवमाथि माओवादीको ठूलो लगानी छ। तर माओवादीलाई उहाँले पटक पटक धोका दिनुभएको छ। उहाँ जुन मधेशी जनअधिकार फोरमबाट उदाउनु भयो त्यो मधेशी जनअधिकार फोरम पनि माओवादीले नै गठन गरिदिएको हो। फोरम गठन गर्नुमा माओवादीको लगानी छ। उपेन्द्र यादवलाई राजनीतिमा अगाडि बढाउन सिर्फ माओवादीको लगानी छ। माओवादीका अध्यक्ष प्रचण्डले उपेन्द्र यादवलाई साथ नदिएको भए उहाँ उहिले समाप्त भइसक्नु भएको थियो। माओवादी जनयुद्धको अवस्था होस् या शान्ति प्रकृयामा आइसकेको अवस्था होस्, उपेन्द्र यादवलाई प्रचण्डले साथ दिन कहिले छाड्नु भएन। कतिपय अवस्थामा माओवादीले आफूलाई कमजोर बनायो, आफू घाटा सह्यो तर उपेन्द्र यादवलाई साथ दिएको थुप्रै उदाहरणहरु छन्।

पछिल्लो उदाहरण हेर्दा हुन्छ, बैशाखमा बारा-२ मा भएको उपनिर्वाचनमा माओवादी केन्द्रले उपेन्द्र यादवलाई साथ नदिएको भए कुनै पनि हालतमा चुनाव जित्नुहुन्थेन। प्रधानमन्त्री प्रचण्डले उपेन्द्र यादवलाई चुनाव जिताउन सारा शक्ति लगाई सक्नुभएको थियो। बारा-२ बाट चुनाव जिताउनका लागि प्रचण्डले आफ्नो भागको उपराष्ट्रपति उपेन्द्र यादवलाई दिनुभयो। प्रचण्डले आफ्नो भागको उपराष्ट्रपति नदिएको भए रामसहाय यादव उपराष्ट्रपति बन्न सक्नु हुन्थेन।

रामसहाय यादव उपराष्ट्रपति नबनेको भए उपेन्द्र यादव बारा-२ मा चुनाव लड्न पाउनु हुन्थेन। सत्ता सहकार्य होस् या गठबन्धन निर्माण प्रचण्डले उपेन्द्र यादवलाई कहिले एक्लै छाड्नु भएन एक सिक्काको दुई पाटा जस्तै रहनु भयो तर उहाँले पटक पटक माओवादीलाई धोका दिनुभएको छ। त्यसले गर्दा मधेशी जनता निराश भएका छन्। आजसम्म कुनै पनि माग पुरा भएन। अब त्यो माग पुरा गराउने एउटै उपाय हो, माओवादी र मधेशको फ्युजन अर्थात मिलन।

**माओवादीलाई मधेशको साथ**

पहिलो संविधान सभाको बखत मधेशवादी दल र माओवादी मिलेको कारण नतिजा निकै सकारात्मक आएको थियो। यो होइन कि माओवादीले मात्र मधेशका लागि गरेको छ, माओवादीको लागि मधेशले पनि ठूला ठूला योगदान दिएको छ। माओवादीको जनयुद्धमा मधेशको ठूलो योगदान छ। माओवादीको क्रान्ति सफल पार्नका लागि थुप्रै मधेशीले ज्यानको आहुती दिएका छन्। मधेशी जनताले माओवादीका अध्यक्ष प्रचण्डलाई मधेशबाट चुनावै जिताएर पठाएका थिए। माओवादी शान्ति प्रकृयामा आइसकेपछि माओवादीका अध्यक्ष प्रचण्डलाई हरेक मोडमा मधेशले साथ दिएको थियो। माओवादी र मधेशवादी दलको माग र मुद्दा एउटै हो। मधेशको मुद्दा र माओवादीको मुद्दामा कुनै फरक छैन। लडाई र संघर्ष एउटै हो। त्यही भएर एक ठाउँमा आएर एक साथ लडाई लड्नुपर्छ। एक एउटा शक्ति बनाउनुपर्छ, जुन शक्तिले देशका सम्पूर्ण उत्पीडित समुदायका लागि लड्न सकोस्।

देशमा जुन प्रकारको शंकट उत्पन्न भएको छ। संघीय लोकतान्त्रिक गणतन्त्रलाई समाप्त पार्ने षड्यन्त्र भइरहेको छ। अहिले विभिन्न वादीहरु टाउको उठाउन थालेका छन्। संविधानमाथि पनि खतरा उत्पन्न भएको छ। प्राप्त उपलब्धी पनि गुम्ने खतरा देखिएको छ। अब त्यसलाई बचाउनका लागि भए पनि मधेशवादी र माओवादी एक ठाउँमा आउनुपर्छ। यो संघीयता, समावेशी, लोकतन्त्र गणतन्त्रप्रति मधेशवादी दल र माओवादीको जति माया छ, त्यति अरु दलको छैन। यो संघीय गणतन्त्र ल्याउनका लागि मधेशवादी र माओवादी मात्र लडेका छन्। मधेशवादी र माओवादी नलडेको भए देशमा गणतन्त्र आउने थिएन। गणतन्त्र र संघीयता काँग्रेस र एमालेको एजेण्डा थिएन।

मधेशवादी र माओवादीको दबावका कारण मात्र काँग्रेस र एमाले तयार भएका थिए। एमाले त अहिले पनि संघीयता र गणतन्त्रको पक्षमा देखिदैन। त्यसैले हरेक कुरालाई मध्यनजर गर्दै मधेशवादी र माओवादी मिल्नुको विकल्प छैन। यी दुई शक्ति मिले भने मात्र सबै कुराको रक्षा हुनसक्छ। माओवादीले अहिले पार्टीको नाम परिवर्तन गर्न तयार भएको छ, त्यसले मधेशी, आदिवासी जनजाति, दलित, मुस्लिमका लागि साझा शक्ति बन्न सक्छ। सबैको साझा चौतारी बन्न सक्छ। मधेशवादी र माओवादीको फ्युजनका लागि नाम, चुनाव चिन्ह, झण्डा परिवर्तन गर्न आवश्यक छ।

**एकताको प्रयास**

माओवादी केन्द्रसँग हाम्रो पार्टी (नेपाल समाजवादी पार्टी)को एकता प्रकृया अगाडि बढेको छ। त्यसका लागि वार्ता कमिटी गठन भएको छ। त्यसले औपचारिक अनौपचारिक कुराकानी गरिरहेको छ। माओवादीले आफ्नो पार्टीको नाम परिवर्तन गर्ने भनि निर्णयसहितको पत्र हाम्रो पार्टीलाई पठाएको छ।

नेकपा समाजवादी पार्टी बनाएर सम्पूर्ण उत्पीडित समुदाय त्यसमा गोलबद्ध हुनुपर्छ। एक्लै एक्लैले कुनै पनि लडाई जित्न सकिदैन। सबैलाई गोलबद्ध गर्नका लागि माओवादीले आफ्नो नाम परितर्वन गर्न समेत तयार भएपछि यो भन्दा अर्को त्याग के हुनसक्छ। माओवादीको पहिचान नै माओवादी हो, आज पनि माओवादीलाई माओवादी जनयुद्धका कारण चिनेको हो। त्यस नामलाई पनि परिवर्तन गर्न तयार हुनु भनेको सबैलाई एक ठाउँमा ल्याउने प्रयास हो भनि बुझ्न सकिन्छ।

*(नेपाल समाजवादी पार्टीका अध्यक्ष एवं खानेपानी मन्त्री महेन्द्रराय यादवसँग गरिएको कुराकानीमा आधारित)*


**महिला हिंसाका घटनालाई कानूनी दायरामा ल्याऔं**

- महिला हिंसा जोसुकैबाट जुनसुकै बेला जहाँकहीँ हुन सक्दछ।
- हिंसाका घटना लुकाउँदा, ढाकछोप गर्दा पीडक प्रोत्साहित हुन सक्छ र थप घटना हुन सक्दछन्।
- पीडकलाई समयमा नै कानूनी दायरामा ल्याउन सके महिला हिंसाका घटनामा कमी आउन सक्छ।
- त्यसैले नजिकका आफन्त तथा नातेदार, छिमेकी, साथीभाई, सहकर्मी भनी कुनैपनि पीडकलाई उम्कन नदिऔं।
- पीडकलाई कानूनी दायरामा ल्याऔं, सभ्य समाजको निर्माण गरौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**





**प्रकाशक** : लाली यादव, **सम्पादक** : सुनैनाकुमारी यादव, **मधेश प्रदेशका संयोजक** : भोला यादव, **कार्यालय** : कोटेश्वर, काठमाडौं, **फोन नं.** : ९८४१४५८८०३, PAN : 609502305,
Email : saharatimes.com.np@gmail.com, Web : www.saharatimes.com.np **ले-आउट** : सहारा टाइम्स डेस्कटप, **मुद्रण** : पारू अफसेट प्रेस, डिल्लीबजार